मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily




वर्ष १ | अंक १०१ | २०७९ साल फाल्गुन ६ गते शनिबार | Saturday 18, Feb. 2023 | पृष्ठ ८ | मूल्य रु. ५/-

## अदालतको आदेश अपहेलना गर्दै सरकार

*कोरोना महामारीमा अहोरात्र खटेका चिकित्सकहरुलाई तलब र भत्ता नदिने सरकार अहिले आएर अदालतको आदेश अपहेलना गर्दैछ । स्वास्थकर्मीलाई सरकारले दिन बाँकी बक्यौता करिव ९० लाख छ*

सुभाष कर्ण
जनकपुरधाम, ५ फागुन । मधेश प्रदेश सरकारले उच्च अदालतको आदेश अपहेलना गरेको आरोप लगाइएको छ । कोरोना संक्रमणको बेला जोखिम मोलेर प्रादेशिक अस्पताल जनकपुरधामद्वारा सञ्चालित कोभिड १९ विषेश अस्पतालमा खटेका चिकित्सक, स्वास्थ्यकर्मी र कर्मचारीहरुको बक्यौता रकम उच्च अदालत जनकपुरधामले परमादेश गरेको ८ महिना बित्न लाग्दा पनि भुक्तानी गरिएको छैन ।




कोभिड विशेष अस्पतालमा खटेका चिकित्सक तथा स्वास्थ्यकर्मीहरुले उच्च अदालतले परमादेश जारी गरेको ८ महिनादेखि हालको स्वास्थ्य विज्ञान प्रतिष्ठान र प्रदेश सरकारका सामाजिक विकास मन्त्रालयमा ताकेता गर्दै आएको भएपनि हालसम्म बक्यौता रकम भुक्तानी गरिएको छैन ।

कोभिड १९ विशेष अस्पतालमा खटेका चिकित्सक मध्ये डा. धिरेन्द्र सुधा भन्छन् ' प्रदेश सरकार र स्वास्थ्य विज्ञान प्रतिष्ठानले आज उपलब्ध गराई दिन्छु भोली उपलब्ध गराई दिन्छु भन्छन् त कहिले प्रक्रियामा रहेको भन्दै आश्वासनमात्र दिदैं आएका छन् ।' प्रदेश सरकारले उच्च अदालतको आदेशलाई समेत अपहेलना गर्दै आएको आरोप सुधाको छ ।

'शुरुमा तत्कालिन अस्पताल प्रमुखले मैले खटाए छैन भन्दै आएका थिए । पछि प्रष्ठिान गठन भएपछि तिनले हामीले काम गराएका छैनौं, जसले खटाएको छ त्यसैसँग माग्नुस भन्छन्' सुधाले भने ' सामाजिक विकास मन्त्रालयले भने रकम अस्पतालमा पठाइसकेको त्यहीँ गएर माग्नुस भनेर पन्छाउँदै आए ।' बक्यौता रकम पाउने कहीँकतैं कुनै गुन्जाइस नदेखेपछि अदालत गएको उनी बताउँछन् । अदालतले रकम उपलब्ध गराउन आदेश गरेपनि प्रदेश सरकार र प्रतिष्ठान अटेर गर्दै आएका छन् ।

यस्तै डा.रामज्ञान यादव, स्वास्थ्यकर्मीले मानवीयताको हिसाबले ज्यानै जोखिम मोलेर अग्रपंक्तिमा रहेर कोभिड अस्पतालमा काम गरेको तर प्रदेश सरकारले त्यसको अवमूल्यन गरेको आरोप लगाउंदै भन्छन् ' त्यसपछि हामी अदालत गयौं, अदालतको आदेशलाई पनि नमान्नु भनेको गैरजिम्मेवार चरित्र र लोकतन्त्रकै उपहास हो ।'

यादवका अनुसार उनीहरुले यसबारेमा नेपाल चिकित्सक संघ प्रादेशिक अस्पताल शाखाका पदाधिकारीहरु समेत भएर मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवलाई समेत बक्यौता रकम उपलब्ध गराई दिन ज्ञापन पत्र मार्फत ध्यानाकर्षण गराएका छन् । मुख्यमन्त्रीले जोखिम मोलेर काम गरेका स्वास्थ्यकर्मीहरुको तलब भत्ता उपलब्ध गराउन पहल गर्ने आश्वासन दिएको यादव बताउँछन् छन् । तर कहिलेसम्म पाइने हो निश्चित नभएको यादव बताउँछन् । प्रदेश सरकारका सामाजिक विकास मन्त्रालय र मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानले आफूहरुले अदालतको आदेशलाई अपहेलना नगरेको बताउँदै भुक्तानी गर्ने प्रक्रियामा रहेको बताएका छन् । सामाजिक विकास मन्त्री सुरिता साहले भनिन् 'हामीले अदालतको आदेशलाई अपहेलना गरेका छैनौं, स्वास्थ्यकर्मीहरुको बक्यौता रकम भुक्तानी प्रक्रियामा छौं ।'

उनले भनिन 'मन्त्रालयले त उही बेला रकम पठाइसकेको हो, तर सम्बन्धित अस्पताल प्रमुखले रकम के गरे थाहा भएन । मानवीयताको नाताले हामीले स्वास्थ्यकर्मीहरुको रकम भुक्तानीका लागि अर्थमन्त्रालयमा बजेट माग गरिसकेका छौं । चाँडै तिनीहरुलाई रकम उपलब्ध गराउनेछौं ।' पहिला पठाएको रकमबारे मन्त्रालयले के गर्ने भन्ने बारे मन्त्री साहले भनिन 'त्यसको छानबीन हामी पछि गर्छौं पहिला बक्यौता रकम भुक्तानी प्रक्रिया पुरा गर्छौं ।'

प्रतिष्ठानका उपकुलपति डा. रामकेवल साह प्रतिष्ठान अघि देखि नै स्वास्थ्यकर्मीहरुको रकम बक्यौता रहेको बताउँदै प्रादेशिक अस्पताल प्रतिष्ठान मातहतमा भएको कारण दायित्व पनि रकम भुक्तानी गराउने भएको स्वीकार्छन । साहले भने ' त्यसका लागि हामी प्रयासरत छौं, प्रतिष्ठान गठन भएदेखि नै मन्त्रालयमा हारगुहार लगाउँदै आएका छौं ।' उनले भने 'मन्त्रालयले पहिला रकम पठाइसकेको छु भन्दै अटेर गर्दै आयो, त्यो वास्तविक कुरा पनि थियो, एकचोटी पठाइसकेको शिर्षकको रकम दोश्रो पटक कसरी पठाउने । अब आएर चाँडै उपलब्ध गराई दिन्छु भनी आश्वासन दिदैं आएका छन् ।' यता कोभिड अस्पताल संयोजक डा. जामुन सिंहले जोखिम मोलेर कोरोना जस्तो संक्रमणकाल काम गरेका स्वास्थ्यकर्मीहरुको रकम उपलब्ध गराउन तात्कालिन अस्पतालदेखि प्रतिष्ठानसम्मलाई ताकेता गर्दै आएको तर कुनै चासो नलिइएको बताउँछन प्रतिष्ठानले गएको भदौ महिनामै मन्त्रालयलाई बक्यौता रकम भुक्तानीको पत्राचार गरिसकेको छ ।

*- बाँकी पृष्ठ ६ मा*

## २४ घण्टा भित्रै भ्रष्टाचार अन्त्य गर्ने मुख्यमन्त्री यादवको दाबी

**स्वच्छता अभियानमा व्यापक भ्रष्टाचार भएको आरोप, उत्पादकत्व बढाउन जोड**

*जनकपुरधाममा अन्तर्राष्ट्रिय व्यापार मेला : मेलामा स्थानीय उत्पादनकासाथै, नेपाल, भारत, पाकिस्तान, बङ्गलादेशमा उत्पादित विभिन्न प्रकारका सामाग्रीहरूका स्टल रहेका छन्*

मधेशदृष्टि
जनकपुरधाम, ५ फागुन ।
मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले २४ घण्टा भित्र भ्रष्टाचार अन्त्य गर्ने दाबी गरेका छन् ।



शुक्रबार जनकपुरधाममा आयोजित अन्तराष्ट्रिय व्यापार मेलाको उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री यादवले भने 'संघीय सरकारले निजामति ऐन निर्माण र प्रहरी प्रदेश सरकारको जिम्मा लगाई दियो भने २४ घण्टा भित्र भ्रष्टाचार अन्त्य पार्नेछु ।'

'भ्रष्टाचारको मूल जड नै कर्मचारी हो, तर आफूसँग न त निजामति ऐन न प्रहरी नै छ, यसमा हामी केही गर्न सक्दैनौं' यादवले भने ' यि काम संघीय सरकारले पुरा गरिदिए कहीँ कतै भ्रष्टाचार हुन दिन्न । त्यस्तो अवस्थामा भ्रष्टाचार भयो भने मसँग प्रश्न गर्नु होला ।'

यादवले प्रदेशमा सबभन्दा बढी भ्रष्टाचार मुख्यमन्त्रीको आफ्नै कार्यक्रम स्वच्छता अभियानमा भएको बताए । 'स्वच्छता अभियानमै भएको भ्रष्टाचारले प्रदेश सरकार गन्हायो' यादवले भने 'ती भ्रष्टाचार मन्त्रीबाट होइन कर्मचारीले गरेको आफूले मैले पाए ।'

सरकारका मन्त्रीहरुको काम योजना बनाउने, योजना अनुसारको बजेट विनियोजन गर्ने हो भन्दै यादवले भने 'त्यसलाई कार्यान्वय गर्ने प्रमुख कर्मचारी हो, तिनीहरुबाट नै भ्रष्टाचार भएको हो ।' उनले आफूले स्वच्छता अभियानको फाइलहरु मगाएर अध्ययन गरेको उल्लेख गर्दै भने 'अधिकांशमा भ्रष्टाचार भएको पाइएको छ । योजना अनुरुपको बजेट विनियोजन भैसकेको छ । तर कहीँ काम डिपीआरमै छ त कहीँ टेण्डर भएर कार्यान्वयनकै चरणमा छ । भएका कामहरु पनि गुणस्तरीय नरहेको गुनासो आइरहेको छ ।'

जनकपुरधाम विकासको राजधानी
प्रदेश नं. २ को नाम मधेश प्रदेश र राजधानी जनकपुरधाम आफ्नै एकल प्रयासले भएको दाबी गर्दै मुख्यमन्त्री यादवले भने ' नाम र राजधानी त आफूले गराउन सफल भए । तर जनकपुरधाम अहिलेसम्म नामको मात्र राजधानी छ । आउँदो एक वर्षभित्रै विकासको राजधानी बनाउने छु । उनले जनकपुरधामको समग्र विकासका लागि आफूले जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज साहसँग दुईदुई पटक भेटवार्ता गरिसकेको बताए । साहको सहयोग र सहकार्य जारीरहे एक वर्षभित्रै जनकपुरधामलाई वास्तविक विकासको राजधानी बन्ने यादवले बताए ।

मेयर साहसँग उपमहानगरपालिकाबाट समेत बजेट विनियोजन गर्न आग्रह गर्दै भने 'स्थानीय तह र प्रदेश सरकार दुवै मिलेर जनकपुरधामलाई विकासको राजधानी बनाउनै छौ । जनकपुरधाम पर्यटकीय नगर भएपनि यहाँका उद्योग व्यवसाय फस्टाउन नसक्नुको प्रमुख

*- बाँकी पृष्ठ ६ मा*

## कर्मचारी तीन, आयोजना दुई सय

*जनकपुरमा जनमत पार्टीका कार्यकर्ताले खानेपानीका हाकिममाथि गरेको दूर्व्यवहारका कारण मधेशका कार्यायलहरुमा प्रमुखहरु भएर आउँन कर्मचारी चाहदैनन्*



मधेशदृष्टि
वीरगन्ज, फागुन ५ ।
संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना कार्यालय वीरगंजमा तीन जना कर्मचारी छन, कार्यालयको क्षेत्र तीनवटा जिल्ला पर्दछ । कार्यक्षेत्र भने बारा, पर्सा र रौतहट गरेर २ सय आयोजना छन । कार्यालयमा कार्यालय प्रमुख समेत छैनन् ।


तीन जिल्लाको खानेपानी तथा ढल व्यवस्थापन गर्नुपर्ने जिम्मेवारी खानेपानी तथा ढल व्यवस्थापन विभागले दिएर नयाँ कार्यलय खोलेको हो । तर आयोजना सम्पन्न गर्न आवश्वयक कर्मचारी भने दिइएको छैन । दरबन्दी अनुसार ११ जना कर्मचारी हुनुपर्ने हो । जसमा तीनजना इन्जिनीयर तीनजना सब इन्जिनीयर एकजना नायवसुब्बा एकजना लेखापाल, एकजना कप्यूटर अपरेटर, एक जना कार्यलय सहायक र एकजना फिल्ड वर्कर । तर, कार्यलयमा एकजना इन्जिनीयर र दुईजना सब इन्जिनीयरमात्र छन् ।

लामो समयदेखि कार्यालय प्रमुख समेत नहुँदा निमित्त कार्यालय प्रमुख इन्जिनीयर पुष्पराज सिंह दोहोरो जिम्मेवारीमा देखिन्छन् । कार्यलयमा हुँदा निमित्त, फिल्डमा हुँदा कर्मचारी । केही समय अगाडि जनकपुरमा जनमत पार्टीका कार्यकर्ताले खानेपानीका हाकिममाथि गरेको दूर्व्यवहारका कारण खानेपानी विभाग मातहतका कार्यायलमा कार्यालय प्रमुखहरु आउन आनाकानी गर्ने गरेको बताइन्छ ।

कार्यालयमा पानीमा हुनसक्ने आर्सेनिकको मात्रा नाप्ने सुविधा छैन । त्यसका लागि नमूना लिएर प्रदेश राजधानी जनकपुर जानुपर्ने हुन्छ । पानी परिक्षणका लागि पनि जनकपुर नै जानुपर्ने अवस्थाले काममा वाधा भैरहेको निमित्त प्रमुख ई.पुष्पराज सिंहले बताउँछन् ।

खानेपानी तथा ढल व्यवस्थापन विभागले यी तीन जिल्लाको लागि पानी परिक्षण गर्ने प्रयोगशाला बनाउन ३० लाख बजेट विनियोजन गरेको छ । तर प्रयोगशाला कहाँ बनाउने त्यसका लागि जग्गा छुट्याएको छैन । कार्याल समयमा निर्माण गर्न नसकिए बजेट उल्टै फ्रिज भएर जाने संभावना औल्याउँछन सिंह । आयोजना अन्तर्गत खानेपानीका बोरिङ्ग गर्ने, पानी परिक्षण गने,वितरण प्रणाली निर्माण गर्ने लगायतका कामहरु भएपनि कतिपय काम विभागबाट हुँदै आएको छ ।





केदारनाथ शिर डोलेश्वर महादेव मन्दिरमा शिवरात्रीको लागि भारतबाट आएका साधुहरु मन्दिर परिसरमा । मन्दिरमा उनीहरुलाई खान, बस्न, धुनी जगाउन र विदाई खर्च दिने व्यबस्था गरिएको छ। *तस्बिर : रमेश गिरी, रासस*

# नेपाल भारत सहकार्य विषयक गोष्ठी सम्पन्न

मधेशदृष्टि
जनकपुरधाम,५ फागुन ।
राष्ट्रिय एकता अभियानले शुक्रवार चितवनमा 'नेपाली संस्कृति र विकास क्षेत्रमा नेपाल भारत सहकार्य' विषयक विचार गोष्ठी सम्पन्न गरेको छ।

चितवनको नारायणघाटमा कार्यक्रमको आयोजना गरिएको थियो। कमला सिलवालको अध्यक्षता र अभियानकी राष्ट्रिय उपाध्यक्ष सुनीता साहको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा देव श्रेष्ठ, कविता शर्मा, प्रभाकर भूषाल, गंगा प्रसाद साह, मनु तमाङलगायतको समेत उपस्थितीथियो।




कार्यक्रममा दुई देशबीचको भौगोलिक, सांस्कृतिक, ब्यापारिक र राजनीतसम्वन्धका विषयमा जानकारी आदानप्रदान गरिएको थियो। कार्यक्रमका बक्ताहरुले भारत र नेपालको आत्मा एकै भएको तर्क गर्दै नेपालको विकासमा भारतले पुर्याईरहेको योगदानको कदर गर्नुपर्ने बताए ।

कार्यक्रमका वक्ताहरुले नेपाली संस्कृति र विकासको क्षेत्रमा नेपाल-भारत बीचको सहकार्य उदाहरणीय रहेको भन्दै त्यसलाई अझ बलियो पार्न सनातन धर्म संस्कृतिको संरक्षण जरुरी रहेको बताए । उनीहरुले सनातन धर्म संस्कृतिले मात्र देशको राष्ट्रियता जोगिने बताए ।

# सोमवारदेखि शुरु हुदैंछ मिथिलाको माध्यमिकी परिक्रमा



मधेशदृष्टि
जनकपुरधाम, ५ फागुन । विश्वको सबैभन्दा लामो धार्मिक पदयात्राका रुपमा परिचित मिथिलाको सांस्कृतिक उत्सव 'मिथिला माध्यमिकी परिक्रमा' यसवर्ष फागुन ८ गते सोमबारदेखि विधिवत रुपले सुरु हुन भएको छ।

नेपाल र भारतबीचको धार्मिक, सांस्कृतिक एवं पारम्परिक सद्भावको प्रतीकका रुपमा रहेका यस धार्मिक पदयात्रामा दुवै देशको लाखौ श्रद्धालु भक्तजनहरु सहभागी हुँदै आएका छन् । मिथिलाको ऐतिहासिक, पौराणिक र धार्मिक आस्थाको धरोहरको रुपमा रहेको मिथिला माध्यमिकी परिक्रमा यसवर्ष फागुन ८ गतेदेखि सुरु भई फागुन २३ गते अर्थात १५ दिनसम्म चल्नेछ । मिथिला माध्यमिकी परिक्रमामा नेपाल र भारतका विभिन्न स्थानका हजारौं साधुसन्त एवं श्रद्धालुहरुको सहभागिता रहने गरेको छ । प्राचीन मिथिलाको राजधानी जनकपुरधामको अग्निकुण्डबाट किशोरीजी अर्थात् माता जानकी र कचुरी मठबाट मिथिला विहारी अर्थात् भगवान् रामचन्द्रको दुई प्रमुख डोलाको नेतृत्वमा मिथिला माध्यमिकी परिक्रमा विधिवत रुपमा सुरु हुने गरेको छ।

धनुषाको मिथिलाबिहारी नगरपालिकास्थित ठेरा कचुरी मठबाट भगवान् राम र जानकीको डोलासहित परिक्रमा सुरु हुन्छ । परिक्रमाको पहिलो दिन जनकपुरधामस्थित हनुमाननगरमा विश्राम गरेर परिक्रमामा सहभागी साधुसन्त तथा श्रद्धालुहरु त्यसको भोलिपल्ट बिहान पूजापाठ गरी भारतको विहार राज्यस्थित कल्याणेश्वरका लागि प्रस्थान गर्नेछन् ।

फागुन औंसीका दिन धनुषाको ठेरा कचुरीबाट निस्कने मिथिला विहारीको डोला तथा जनकपुरधामको रत्नसागर र अग्निकुण्डबाट निस्कने किशोरीजीको डोला जानकी मन्दिर भएर हनुमाननगर पुगेपछि माध्यमिकी परिक्रमाको विधिवत सुरुवात हुने परम्परा रहेको अग्निकुण्डका महन्थ नवल किशोर शरणले बताए ।

परिक्रमामा सहभागीहरु क्रमशः फूलहरको गिरीजास्थान हुँदै महोत्तरीको मटिहानी, जलेश्वर, मडै, ध्रुवकुण्ड, कञ्चनवन, पर्वता, धनुषाधाम, औरही, विशौल हुँदै पुनः कल्याणेश्वर र त्यसपछि पूर्णिमाकादिन जनकपुरधाम फर्कने छन् । कञ्चनवनमा अग्निकुण्ड मन्दिरको आयोजनमा परिक्रमामा सहभागीहरुले एक आपसमा होली खेलेपछि औपचारिक रुपमा होलीको सुरुवात भएको मानिन्छ।

हरेक वर्ष हुने परिक्रमामा भक्तजनले १५ दिनमा नेपालको १०५ र भारतको २८ गरि कूल १३३ किलोमिटरको दूरीमा पैदल यात्रा गर्छन् ।पवित्र धार्मिक स्थलहरूको परिक्रमा गर्दा पाप नाश हुनुका साथै पुण्य मिल्ने जनविश्वास छ। नेपाल भारत दुवै मुलुकको धार्मिक, सांस्कृतिक एवं पारम्परिक सदभावको प्रतीक बनेको यस परिक्रमा यात्रामा नेपालको १३ तथा भारतको २ गरी जम्मा १५ वटा विश्रामस्थलहरु छन् ।परिक्रमा अवधिभर सहभागीहरुले झाँकी, भजन, किर्तन पनि गर्छन् ।

मिथिलाको महाकुम्भ भनेर चिनिने यस महामहोत्सवमा हजारौंको सहभागिता रहने गरे पनि यस धार्मिक यात्रालाई व्यावसायिक रुप दिन नसक्नु सरकारको कमजोरी रहेको जानकी मन्दिरका सहायक महन्थ रामरोशन दासले बताए ।

परिक्रमामा सहभागीहरुका लागि प्रत्येक वर्ष बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्ले १५ वटै विश्रामस्थलमा विजुली, खानेपानीलगायतको व्यवस्था मिलाउने गरेको छ । परिक्रमा गर्नेहरु राति गाउँभन्दा टाढा खुला चौर, बगैंचा वा पोखरीको डिलमा विश्राम गर्छन् ।

स्थानीय बासिन्दाहरूले पनि परिक्रमामा सहभागीहरुका लागि अन्न, दाउराको प्रबन्ध मिलाउने गरेको छ।

# सत्तारुढ गठबन्धन भत्किने पोखरेलको संकेत

मधेशदृष्टि
जनकपुरधाम, ५ फागुन। नेकपा एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले गठबन्धन भत्किने संकेत गरेको छन् ।

एमालेका अध्यक्ष केपी शर्मा ओलीले वर्तमान सत्तारुढ गठबन्धन भत्किन सक्ने बताएको दुई दिन नबित्दै शुक्रबारदेखि देशव्यापी रुपमा शुरु गरेको मिशन ग्रासरुट अभियानको मधेश प्रदेशको राजधानी जनकपुरधाममा समुदघाटन गर्दै पोखरेलले गठबन्धन भत्किन सक्ने संकेत गरेका हुन् । राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनमा एमालेसंग हाल रहेको गठबन्धनमा भएको सहमतिबाट एमाले अलिकति पनि टसमस नहुने भने ।

'एमाले संगको सहमति अनुसार नै राष्ट्रपति तथा उपराष्ट्रपतिको निस्कर्ष लाग्छ, बरिष्ठ उपाध्यक्ष पोखरेलले भने' त्यसपछि मात्रै राष्ट्रिय सहमति, साझा निति तथा कार्यक्रम सहितका अलग च्याप्टरहरुमा एमाले सहमती खोज्न सक्छ ।

सहमती भंग गरिए एमाले अर्को चयाप्टर तर्फ समेत काम गर्न सक्ने र देशकै थप ठुलो शक्ति बन्ने उनले दावी गरे । कार्यक्रममा एमालेका सचिव रघुविर महासेठले अनगामी निर्वाचनहरुमा कम्तिमा ५१ प्रतिशत मत ल्याएर एकल सरकार निर्माणका उद्देश्यले मिशन ग्रासरुट अभियान चलाइएको जानकारी दिए ।




उनले मिशनका लागि मधेश प्रदेशको आठवटै जिल्लामा पालिकाको हिसाबले नेताहरुका लागि तोकिएको जिम्मेवारीको विषयमा जानकारी गराएका छन् । एमाले आफनै भित्रको गलत तत्व र प्रवृतीका कारण आज एक्लै स्थापित हुन नसकेकाले यस मिशनले संगठन सुदृढिकरण भएर आफनै बलमा सरकार निर्माणका लागि सहयोग गर्ने विश्वास मिशन ग्रास रुट अभियानको उदघाटन कार्यक्रममा सहभागी नेताहरुले बताए। सो कार्यक्रममा पार्टीका मधेश प्रदेश अध्यक्ष रामअवतार यादव, स्थाई कमिटि सदस्यहरु लालबाबु पण्डित, गुरु बराल र सिता पौडेल, मन्त्री ज्वाला साह सहितको उपस्थिती रहेको थियो ।

# फरार ६ प्रतिवादी पक्राउ

मधेशदृष्टि
जनकपुरधाम, ५ फागुन । बिभिन्न मुद्दाका ६ जना फरार प्रतिबादीलाई धनुषा प्रहरीले पक्राउ गरेका छन् ।

शुक्रवार बिहान ११ बजेदेखि ईलाका प्रहरी कार्यालय तारापट्टी धनुषाबाट खटिएको प्रहरी टोलीले जिल्ला धनुषा मिथिला विहारी न.पा.-६ स्थितबाट विभिन्न मुद्दामा फरार रहेका ६ जना फरार प्रतिवादीलाई एकै दिनमा पक्राउ गरि आवश्यक कार्वाहीको लागि जिल्ला अदालतमा उपस्थिति गराएको छ।

पक्राउ पर्नेहरुमा धनुषा मिथिला विहारी न.पा. ३ का रामआधार पंडित, सत्य नारायण पंडित, राम सागर पंडित, जय किशुन खत्वे, राम भरोस धानुक र देवशरण पंडित रहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

# नियुक्ति असमावेशी भएको जसपाको आरोप




मधेशदृष्टि
काठमाडौं, ५ फागुन । प्रतिष्ठानहरूमा असमावेशी नियुक्ति गरिएको भन्दै जनता समाजवादी पार्टी नेपालले विरोध जनाएका छन् ।

शुक्रबार जसपाले एक विज्ञप्ति जारी गर्दै संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले नेपाल प्रज्ञा प्रतिष्ठान, ललितकला प्रज्ञा प्रतिष्ठान र संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानमा गरेको उपकुलपति र प्राज्ञहरूको नियुक्तिप्रति पार्टीको गम्भीर ध्यानाकर्षण भएको जनाएको हो । सरकारले प्रतिष्ठानमा जातीय/समुदायिक समानुपातिक समावेशिताको मर्म विपरीत एकल जातीय प्रभुत्व र वर्चस्वलाई प्राथमिकता राखेको भन्दै जसपाले आपत्ति जनाएको छ । जसपाले विज्ञप्तिमा भनेको छ, 'संविधानको मर्म र भावना तथा समावेशिताको सिद्धान्त विपरीत गरिएका नियुक्तिहरू सच्चाई समानुपातिक समावेशिताको मर्म अनुकूल हुने गरी नियुक्ति गर्न जनता समाजवादी पार्टी, नेपाल सरकारसँग जोडदार माग गर्दछ।'

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
हिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ। रोकिएका काम पुन: सुरु हुन सक्छन् । आर्थिक कारोबारमा सफलता पाइएला । लाभदायक यात्रा होला ।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
आज राजनैतिक र सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । कलासाहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ। परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
शरीरमा स्फूर्ति र उमङ्गको कमी आउनेछ । मालसामान हराउन सक्छ । ससाना समस्यामा अल्झनुपर्नेछ, तर साँझमा आर्थिक लाभ मिल्न सक्छ ।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आज सामाजिक क्षेत्रमा सफलता मिल्नेछ। मनमा सहयोग भाव आउला। प्रेम सम्बन्ध कसिलो हुनेछ। रमणीय र सुखद् यात्राको योग छ ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
आज साथीभाइले पनि राम्रै सहयोग जुटाउनेछन् । एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । घरमा अतिथिको आगमन पनि हुन सक्छ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
ाज शुभारम्भको चर्चा चल्नेछ । सांस्कृतिक क्षेत्रमा रुचि बढ्नेछ। नयाँ उद्योग वा रचनात्मक काममा जुट्ने समय छ। भ्रमणको योग पनि छ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
आज लगनशीलताको कमीले गर्दा ठूलो उपलब्धि हात पार्न नसकिएला । सहकर्मीबाट विरोध आउला। नियमित खर्चसमेत बढ्ने योग पनि छ।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
आज नयाँ र शुभकार्यको चर्चा चल्नेछ । पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको वातावरण बन्नेछ । रमाइलो यात्राको सम्भावना पनि रहेको छ ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आज भाग्यले विभिन्न अवसर जुराउनेछ। घरमा अतिथिको आगमन हुनेछ । महत्त्वपूर्ण कामको थालनी हुनेछ, साँझमा भने चिन्ता बढ्नसक्छ।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आज अरुलाई प्रभावित पारेर काम बन्नेछ । रोकिएको धन हात पर्ला । न्यायिक कार्यमा सफलता मिल्नेछ । व्यापारमा मनग्ये धनलाभ हुनेछ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
आज समय मध्यम खालको छ। आफूले ठीक मानेर गरेको काममा आफैलाई सन्तुष्टि मिल्ने छैन । सोचेजतिका कामहरूमा विघ्नबाधा आउनसक्छ।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
ठीक समयमा सही निर्णय लिन सकिनेछ । वैदेशिक क्षेत्रमा सफलता मिल्नेछ। व्यापार व्यवसायमा सफलता मिल्नेछ। लाभदायक यात्रा पनि हुनेछ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| | ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षेत्र : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

# पानी परिक्षण घुम्ती सेवा सुरु




मधेशदृष्टि
सप्तरी ,५ फागुन । सप्तरीमा पानी परीक्षण घुम्ती सेवा शुरुवात गरेका छन् । जनमत पार्टीको राष्ट्रिय अध्यक्ष डा.सीके राउतको नेतृत्वमा तिलाठी कोइलाडी गाउँपालिका वडा नं. २ लौनियाँबाट संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना अन्तर्गतको पानी परीक्षण प्रयोगशाला जनकपुरको टोलीद्वारा सो सेवा शुरुवात गरेको हो ।ुक्रबार दलान दलिल अभियान अन्तर्गत क्षेत्र नं. २ बाट निर्वाचित मा. डा. राउत र मा. सतिश कुमार सिंहले निर्धारित कार्यक्रम अनुसार विभिन्न गाउँहरुमा स्थानीयहरु संग भेटघाट गर्दै सर्वदलीय, सर्वपक्षीय छलफल गरि विभिन्न योजनाहरु माग समेत गरे। मधेपुरा, कट्टी, बनरझुला, टिकुलिया, बरसाईन, कुसहा, सकरपुरा, बेल्ही, लौनियाँलगायतको गाउँको स्तरोन्नतीका लागि समस्या तथा योजनाहरु संकलन गरेको जनमत पार्टी तिलाठी कोइलाडी गाउँपालिका अध्यक्ष सुशील कुमार मण्डलले बताए।
घुम्ती सेवा विभिन्न गाउँहरु हुँदै जानुका साथै कल वा धाराको पानी पिउन योग्य भए नभएको सबैलाई जाँच गराउन डा. राउतले आग्रह गरे ।
'लौनियाँको विभिन्न १० वटा कलबाट पानी संकलन गरि जनकपुर स्थित कार्यालयमा ल्याब जाँच गर्ने' केमिस्ट सुनिल चौधरीले भने- 'स्वास्थ्य चौकि लौनियाँको कार्यालय नजिकै रहेको कलबाट लिइएको पानी जाँच गर्दा ०.००६ एम.जी./ली. मात्र आर्सैनिक भेटीएको हो । पानी खाने योग्य रहेको उनको भनाइ थियो ।
सो पानी जाँच हुने ल्याब प्रत्येक जिल्लामा हुनु आवश्यक रहेको तिलाठी कोइलाडी गाउँपालिका २ को वडा अध्यक्ष कमल कुमार मण्डलले बताए।

# व्यावसायिक पशु पालनबाट मासिक दुई लाख आम्दानी



विकास अग्रवाल
बारा, ५ फाल्गुन । वैदेशिक रोजगारीका लागि विदेशिने युवायुवतीहरुका लागि बाराका एक महिला उदाहरणीाय बनेकी छिन् । उनले सुरु गरेको व्यवसायीक भैसी पालनबाट मनग्य आम्दानी गर्दे सबैका लागि उदाहरणिय बनेकी छिन् ।
बाराको निजगढ नगरपालिका-५ बागदेवकी भवानी सापकोटाले चार वर्ष अघि सुरु गरेकी व्यावसायिक भैंसी पालनबाट मनग्य आम्दानी गर्दै मासिक दुई लाख भन्दा बढी आम्दानी गर्दै आइरहेकी हुन् । भैसी पालनमा रमाएकी सापकोटा परिवारले ४ वर्ष अघि पाँच भैंसीबाट सुरू गरेको बकैया ठाकुर पशु फर्म व्यवसाय अहिले करिब ६५ वटा भैंसी र २२ वटा पाडापाडीले भरिभराउ छ। उनीसँग भैंसी मात्रै होइन, अन्य चौपाया पनि प्रशस्तै छन् । उनीले अहिले भैंसी, खसी, कुखुरापनि पाल्दै आएकी छिन ।
व्यवसायीक रुपमै गरिएको पशुपालनबाट अहिले सापकोटा परिवारलाई खसीबोका तथा कुखुरा विक्रीका लागि बाहिर जानुपर्दैन । कसैलाई चाहिएमा सम्पर्क गरेर फार्ममै पुग्ने गरेको उनी बताउँछन् । उनीसंग हाल ६० वटा खसी तथा बाख्रा र एक सय ५० भन्दा बढी कुखुरा समेत पालन गरेकी सापकोटा भन्छिन निरन्तर सङ्घर्षपछि सफलता मिल्दै जाँदा 'गरे हुन्छ' भन्ने सोच थपिएको उनले बताईन।
मधेश प्रदेश सरकारबाट युवा लक्षित कार्यक्रमबाट २०७५ सालमा सापकोटाले पहिले पटक ४ लाख रुपैया अनुदान स्वरुप पाईएको भएतापनि त्यसपछि राज्यबाट कुनै सहयोग प्राप्त नभएको सापकोटाको भनाई छ । परिश्रम गरे हरेक कुरा सम्भव हुने बताउने सापकोटालाई त्यसयता राज्यबाट अनुदान, पशु औषधिजस्ता कुराहरू केही नपाएको गुनासो गर्छिन् । राज्यले काम गर्नेलाई सहयोग गर्नुपर्थ्यो तर कामै नगर्नेलाई लाखौं, करोडौं रूपैयाँ अनुदानको नाममा सरकारले सहयोग गर्छ तर, हामीजस्ता कृषकलाई सामान्य औषधि पनि दिँदैन । राज्यबाट केही सहयोग प्राप्त नगरे पनि गाउँमै लोभलाग्दो व्यापार भएपछि निर्धक्क देखिन्छन् उनी तर वस्तुभाउ पाल्दै आउँदा पनि आफूलाई कुनै निकायबाट सहयोग नमिलेकोमा उनी गुनासो गर्छिन् । दुहुना भैंसीबाट दैनिक ३०० लिटर दूध बिक्रीहुदाँ मासिक दुई देखी दुई लाख ५० हजार सम्म आम्दानी हुने उनको भनाई छ । यस बाहेक खसी कुखुराबाट वार्षिक ७ लाख आम्दानी गर्दै आएको उनले बताईन । भैंसीबाट उत्पादित पाडापाडी, पालिएका खसी र कुखुराको विक्रिबाट ब्यवसायको आधा खर्च जोहो हुँदै आएको उनले बताईन । सापकोटा परिवारको अवाश्यकता यसबाटनै पुरा हुदै आएको छ। पशु पालन व्यवसाय सुरु गरेको करिब ४ वर्ष वितेको छ । अहिले सापकोटा परिवार पशु पालन ब्यवासयबाट सन्तुष्ट देखिन्छन ।
थोरै लगानीबाट सुरु गरिएको पशुपालन ब्यवसायले सुन्तुष्टि हुने र कृषि पेशामा लागेर के नै हुन्छ भनी विदेश पलायन हुने थुप्रैका लागि उनी दरिलो उदाहरण बन्दै आएकी छिन् । उनले खोलेको फर्मबाटै ग्राहकहरुले खरिद गर्दै लाने गरेको बताउँदै सापकोटा हामीले उत्पादन गरेको दुध तथा पालेको खसी र कुखुरा बेच्न अन्त कतै जानुपर्दे ग्राहकहरुले फर्मबाटै लिएर जाने गरेको उनले बताईन् ।

# चुरे संरक्षण अभियानद्धारा प्रधानमन्त्रीलाई ज्ञापन

मधेशदृष्टि
जनकपुरधाम,५ फागुन । चुरे तथा वनजंगल संरक्षण अभियानले जिल्ला प्रशासन कार्यालय धनुषा मार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र वुझाएको छ । अभियानका संयोजक सुनिल यादव र समाजिक अभियन्ता तथा संस्थाका संरक्षक समेत रहेका सरोज रायको संयुक्त हस्ताक्षरित ज्ञापनपत्रमा पांचवटा बुंदा सहितको माग अगाडी सारिएको छ।



ज्ञापनपत्रमा उल्लेख गरिए अनुसार भूमिहिन तथा सुकुम्वासीको आवासको हक मौलिक हकको रुपमा धारा ३७ मा व्यवस्था भएकोले नेपाल राज्य गम्भीरका साथ संविधानको कार्यान्वयनमा तदारुकता देखाउन माग गरिएको छ । चुरे तथा वन संरक्षण अभियान र मधेश प्रदेश सरकार विच सम्पन्न भएको ७ बुंदे सहमति तत्काल कार्यान्वयनको पहलका साथै अबैध क्रसर उद्योगहरुको गतिविधी उपर तत्काल रोक लगाउन र दिलिप महतोलाई पर्यावरणीय शहिद घोषणा गर्न आवश्यक निर्णय हुनुपर्ने ज्ञापनपत्रमा उल्लेख गरिएको छ । वैदेशीक रोजगार सम्वन्धि समस्या हल गर्न संविधानको धारा ३३ मा व्यवस्था भए अनुसार सुरक्षीत तथा यौग्यता अनुसार सुनिश्चित रोजगारीको व्यवस्था र स्थानिय तहको निर्वाचन गैर दलिय प्रतिस्पर्धा अन्तरगत व्यवस्था मिलाउदै दलितका लागि राजनीतिक आरक्षण सुनिश्चित गर्न पालिकाको प्रमुखहरु चक्रिय प्रणालीमा व्यवस्थ ागर्नका लागि संघीय सरकार निर्वाचन कानुन परिमार्जन गरि कार्यान्वय गर्नुपर्ने माग ज्ञापनपत्रमार्फत उठान गरिएको छ। शुक्रवार अभियानका संयोजक सुनिल कुमार यादवको अगुवाईमा धनुषाका प्रमुख जिल्ला अधिकारी केशव दाहाललाई ज्ञापनपत्र वुझाएका थिए।

# मोटरसाईकल दुर्घट्नामा एकको मृत्यु

विनय कर्ण
सप्तरी, ५ फागुन । सप्तरीको हुलाकी सडक खण्डमा शुक्रबार विहान मोटरसाईकल दुर्घट्ना हुँदा एक जनाको मृत्यू भएको छ।
महदेवा गाउँपालिका वार्ड नम्बर १ चिमटी स्थित हुलाकी सडक खण्ड अन्तर्गत पर्ने डिमन देखि राजविराज तर्फ को २८ प नम्बर मोटरसाईक चलाएर आउँदै गरेको सवारी चालक रजविराज नगरपालिका वार्ड नम्बर ११ बस्ने ३० बर्षीय प्रदिप कुमार यादवको मृत्यू भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।
उनी विहानै पौने ८ बजेको समयमा मोटरसाईकल चलाएर आउँदै गर्दा अवस्थामा आफै अनियन्त्रित भई विजुलीको पोलमा ठोकिदा गम्भिर घाईते भएका यादवलाई उपचारका लागि गाजेन्द्रनारायण सिंह राजविराज ल्याउँदा उनलाई चिकित्सकले मृत घोषणा गरेको प्रहरी प्रवक्ता नरेशकुमार सिंहले जानकारी दिए।

# आफैले शरिरमा आगो लगाउँदा महिलाको मृत्यू

मधेशदृष्टि
सप्तरी, ५ फागुन । आफ्नै शरिरमा आगो लगाउँदा सप्तरीमा शुक्रबार एक जना महिलाको मृत्यू भएको छ।
जिल्लाको तिलाठी कोईलाडी गाउँपालिका वडा नम्बर ४ स्थित तेलियारी टोल बस्ने ४० बर्षीय राजुदेवी साहले घरमा कोही नभएको अवस्थामा घरसंगै टासिएको शौचालय भित्र आफ्नो शरिरमा आगो लगाएकी थिईन् । उनको शौचालय भित्रै जलेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता नरेशकुमार सिंहले जानकारी दिए।
मृत्यूको कारण भन्ने खुल्न सकेको छैन्।
स्थानियहरुले खवर गरेपछि अपरान्ह ३ बजेको समयमा प्रहरी चौकी बरसाईन र जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसन्धान टोली घट्नास्थलमा पुगेका थिए। घट्ना सम्बन्धमा थप अनुसन्धान कार्य भईरहेको प्रहरी प्रवक्ता नरेशकुमार सिंहले जानकारी दिए ।






# तीन दिवसीय बोध दिवस कार्यक्रम सम्पन्न



मधेशदृष्टि
जनकपुरधाम,५ फागुन । धनुषाको मिथिला न.पा.- २, बेलाचापी स्थित सतलोक आश्रम धनुषामा पूर्णब्रह्म कबीर उपासक समाज, नेपालको आयोजनामा सन्त रामपालको ३६ औं बोध दिवसको उपलक्ष्यमा आयोजित तीन दिवसीय अखण्ड पाठ तथा विशाल भण्डारा कार्यक्रम फाल्गुन ५ गते शुक्रबार परमात्मालाई भोग लगाएर सफलतापूर्वक सम्पन्न भएको छ।
तीन दिवसीय उक्त कार्यक्रममा लाखौंको संख्यामा श्रद्धालुहरु सहभागी भए भने बहु संख्यामा नेता, मन्त्री, विभिन्न निकायका उच्च अधिकारी लगायतका विशिष्ट व्यक्तिहरुको पनि उपस्थिति रह्यो। कार्यक्रमको समापनमा सिरहा जिल्लाको प्रमुख जिल्ला अधिकारी ज्यु, एकडारा गाउँपालिका अध्यक्ष ज्युको पनि उपस्थिति थियो ।
तीनदिने विशाल कार्यक्रममा देश विदेशबाट आएका श्रद्धालुहरु सहभागी भएर स्वयंसेवकको सेवा गर्नुका साथै ४१ युनिट रक्तदान पनि गरेका थिए । यसै क्रममा ३ नव जोडिहरुको दाइजो एवं आडम्बरमुक्त रमैणी विवाह पनि गराइएको थियो। पूर्णब्रह्म कबीर उपासक समाज नेपाल द्वारा यस्ता कार्यक्रमहरु समय समयमा गराइरहेको र यस्ता कार्यक्रमले समाजलाई विकृतिमुक्त बनाउन एउटा पृथक किसिमको दिशानिर्देश गरेको कुरा पनि संस्थाका पदाधिकारीहरुले जनाए । दाइजोप्रथा, नशा सेवन, मांसाहार , भ्रष्टाचार, आदी सबै किसिमका विकृतिहरुबाट मुक्त गराई स्वच्छ, सभ्य, सुखी समाज निर्माण गरी धरतीलाई स्वर्ग बनाउने सन्त रामपालजी महाराजको उद्देश्य रहेको कुरा कार्यक्रममा प्रदर्शनीका माध्यमबाट कार्यक्रममा जानकारि गराइएको थियो । कार्यक्रममा आउने सर्व अतिथिका लागि शुद्ध घ्युमा बनेका लड्डु, जेरी, हलुवा प्रसाद एवं परम सन्त रामपालजी महाराजद्वारा लिखित ज्ञान गंगा, गीता तिम्रो ज्ञान अमृत, जीउने मार्ग जस्ता पुस्तकहरुको सेवा पनि कार्यक्रममा गरिएको थियो। आश्रममा सबै सेवा सुविधाहरु सर्व आगन्तुकका लागि निःशुल्क रुपमा नै व्यवस्था गरिएको थियो।

# भोजपुरी संस्कृति प्रशिक्षण

मधेशदृष्टि
वीरगंज, ५ फागुन
नेपाल भोपजुरी समाजले वीरगञ्जको सिद्धार्थ माबिमा भोजपुरी कला संस्कृतीको बारेमा प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ।
समाजका अध्यक्ष ध्रुवसिंह ठकुरीको अध्यक्षतामा भएको कार्यक्रममा सचिव राजेन्द्र सिंह राजपुतले बिध्यार्थीहरुलाई प्रशिक्षण दिएका हुन। कार्यक्रममा समाजका सल्लाहाकार मनोज कुमार मिश्र, बिध्यालयका प्रधमनाध्यापक अनिल बर्णवाल, संचारकर्मी राज कुमार सरार्फको सहभागीता रहेको थियो। प्रशिक्षण कार्यक्रम पछि कक्षा ९ की छात्रा प्रिती कुमारी पटेल, बिभा साह र किरण कुमारीले भोजपुरी मौलिक गित सुनाएका थिए। कार्यक्रममा प्रधानाध्यापक बर्णवालले समाजका अध्यक्ष ध्रुवसिंह ठकुरीको व्यतित्वको बारेमा प्रशंसा गर्नु भएको थियो भने बिध्यार्थीहरुलाई बिषय बस्तुले निकै गंभिर बनाएको थियो।

# प्राचिन शिव मन्दिरमा सरसफाई

मधेशदृष्टि
वीरगंज, ५ फागुन
पोखरिया नगरपालिका वडा नम्बर ४ मा रहेको प्राचीन शिव मन्दिरमा महाशिवरात्रिको अवसरमापोखरियानगरपालिकाको सहयोग र युवा समाज पोखरियाको आयोजना तथा समुदाय प्रहरी ,शस्त्र प्रहरी स्थानीय बुद्धिजीबी, युवा पत्रकार लगायतकाहरुको सहभागितामा सरसफाई कार्यक्रम सम्पन्न भएको छ। सो सरसफाई कार्यक्रममा पोखरिया नगरपालिकाका नगर प्रमुख प्रद्युमन प्रसाद चौहान, वडा नम्बर ४ का वडा अध्यक्ष लक्ष्मण साह कानू ,युवा समाजका अध्यक्ष भगवान दास तत्वा, सुजीत गिरी, गोवर्धन यादव, इलाका प्रहरी कार्यालय पोखरियाका प्रहरी निरीक्षक आयुष जोशी ,सशस्त्र प्रहरी बल सुरक्षा बेस क्याम्प पोखरियाका प्रहरी निरीक्षक हरिकृष्ण खड्का, वडा सदस्यहरुको सहभागिता रहेको थियो ।

# अलखिया मठमा वृहत्त सरसफाई

मधेशदृष्टि
वीरगंज, ५ फागुन
हिन्दू परिषद् नेपाल वीरगंज नगर कमिटीले अलखिया मठमा वृहत सरसफाई गरेको छ । परिषदले महाशिवरात्रि पर्वको अवसरमा शुक्रवार बिहान अलखिया मठ मन्दिरमा सरसफाई गरेको हो ।
सरसफाई कार्यक्रममा वीरगंज नगर अध्यक्ष प्रमोद सिंह, उपाध्यक्ष ओसन गुप्ता, सचिव श्याम बाबू गुप्ता सहित परिषद्का केन्द्रीय अध्यक्ष संतोषानंद महाराज, केन्द्रीय सदस्यहरु अजीता देवी, सचितानंद दुबे, अधिवक्ता बिनोद कुर्मीको सहभागी रहेका थिए।
साथै वड़ा नम्बर २६को कमिटीले बिरेन्द्र भगतको नेतृत्वमा श्री शिव मन्दिरमा सरसफाई गरेको केन्द्रिय अध्यक्ष संतोषानन्द महाराजले जानकारी दिए।

# सर्वसिद्धी दायक जलेश्वरनाथ महादेव



– राजेश्वर नेपाली

*प्राचीन मिथिला राज्यको संस्थापक मिथि महाराजको राजधानी जनकपुरधामको चारैकोणमा पाँच कोशको समान दूरीमा महादेव मन्दिरहरुको स्थापना गरिएको थियो । दक्षिण पूर्व कोणमा कल्याणेश्वरनाथ, दक्षिण पश्चिम कोणमा जलेश्वरनाथ उत्तरदिशामा क्षीरेश्वरनाथ र उत्तरपूर्वमा मिथिलेश्वरनाथ महादेव मन्दिर थिए ।*

शिवभत्तहरुका लागि महाशिवरात्रीको ठूलो महत्व छ र यस अवसरमा हरेक शिव मन्दिर हरुमा श्रद्धालु भक्तजनका ठूलो भीड र विशेष पूजन हुन्छ । हाम्रा अराध्यदेव पशुपतिनाथको दर्शनको लागि मुलुकभरिकासाथै निकटस्थ भारतीय जनताका ठूलो भीड र विशेष पूजन हुन्छ ।हाम्रा अराध्यदेव पशुपतिनाथको दर्शनको लागि मुलुकभरिका साथै निकटस्थ भारतीय जनता ठूलो संख्यामा काठमाण्डौं पुग्दछन् । उहिले आवगमनको सुविधा नभएको बेलामा पैदल हिडेर पनि ठूलो संख्यामा श्रद्धालुहरु पुग्दथे भने अहिले पूर्व पश्चिमको बस यातायात हवाई मार्गबाट हजारौंहजार तीर्थयात्रीहरु



पुगेर पशुपतिनाथको दर्शन पूजन गर्दछन् । त्यसै अवसरमा महोत्तरीको सदरमुकाम जलेश्वर स्थित जलेश्वरनाथ महादेव स्थलमा ठूलो मेला लाग्दछ र जनकपुर अंचलको साथै निकटस्थ भारतीय क्षेत्रको नागरिकहरु ठूलो संख्यामा भेला हुन्छन्। प्राचीन मिथिला राज्यको संस्थापक मिथि महाराजको राजधानी जनकपुरधामको चारैकोणमा पाँच कोशको समान दूरीमा महादेव मन्दिरहरुको स्थापना गरिएको थियो । राजधानीको चारै तिर स्थापित महादेव मन्दिर हरुका साथै कपिलेश्वरनाथ, चारनाथ महादेव र कुवामा कुपेश्वरनाथ तथा दूधेश्वरनाथ मन्दिर छेउमै भए पनि पाँच कोशको दूरीमा दक्षिण पूर्व कल्याणेश्वरनाथ, दक्षिण पश्चिम कोणमा जलेश्वरनाथ उत्तरदिशामा क्षीरेश्वरनाथ र उत्तरपूर्वमा मिथिलेश्वरनाथ लुप्त भएपनि कमलेश्वरनाथ महादेव मन्दिरहरु अद्यावधि छन् । त्यस्तै पूर्व दिशामा शिलानाथ महादेवको मन्दिर छ त्यसको दूरी डेढ गुणा बढी छ । सधै जलमग्न अवस्थामा रहने जलेश्वनाथको मन्दिर नेपाल अधिराज्यमा मात्र होइन कि सम्पूर्ण हिन्दूतीर्थस्थलहरु मै पनि अद्वितीय किसिमको छ ।

महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वरमा स्थित जलेश्वरनाथका वर्तमान मन्दिर हजारौ वर्ष प्राचीन छ । मन्दिरको माथिल्लो (भुई माथिको) भाग १९९० सालको महाभूकम्पमा ध्वस्त हुन गएकोले १९९६ सालमा तत्कालीन बडाहाकिम राम शमसेरद्वारा त्यसको पुनर्निर्माण गरिएको थियो । तर मन्दिरको भित्री भाग प्राचीन कालमा पत्थरको टुकडाबाट मिर्मित छ । प्राचीन मिथिला राज्यको अवशेषको रुपमा जलेश्वरनाथको मन्दिरलाई मानिन्छ र त्यो आफ्नो अनौठोपनले अद्वितीय छ ।

जलेश्वरनाथ महादेव पाँच मिटरको गहिराइमा स्थित छन र जगन्नाथ पुरीको लोकनाथ महादेव जस्तै खाल्टो भित्रमा स्थापित छन तर दुवैमा निकै भिनता छ । जलेश्वरनाथ महादेव महाशिव रात्रीको पूजन पछि आउँदो वर्षमा अनिकाल हुने संकेत स्वरुप महादेव स्थल सुखेको हुन्छ भने महाशिवरात्रीको पूजन पछि जलेश्वरनाथ पुनः जलमग्न अवस्थामा भोलिपल्ट दर्शन भएपछि आउने वर्षमा मिथिलाको प्राचीन राजधानीमा अनिकाल हुने छैन भन्ने श्रद्धालु मानिसहरु ढुक्क हुन्छन् । मिथिला महात्म्यको तेश्रो अध्यायमा स्पष्ट लेखिएको “सर्व सिद्धि कर लिङ्ग बारुण्याञ्च जलेश्वरनाथ” अर्थात् दक्षिण पश्चिम कोणमा सर्वसिद्धि दायक जलेश्वरनाथ महादेव छ ।

जलेश्वरनाथको मन्दिर महाभूकम्पमा ध्वस्त हुँदा १९९६ सालमा मन्दिर पुनर्निर्माणको साथै मन्दिरको पूर्व पट्टीको बरुण र पश्चिम पट्टिको पुरन्दर सरको जर्णोद्धार गराइएको थियो ।

त्यसबेला पनि मन्दिरको भित्री भाग जो गुफा जस्तो छ, त्यो यथावतै रहेको थियो । त्यसको सन्दर्भमा पद्म पुराणमा उल्लेख छ । “जलेश्वरको महालिङ्गनो रुद्रेण स्थापित स्वयं) अर्थात जलेश्वरनाथ महादेवको स्थापना स्वयं रुद्रले नै गर्नु भएको हो ।

जलेश्वरनाथ महादेव मन्दिरको पूर्व र पश्चिम दुवैतिर पोखरी रहेकोले कतिपय मानिसहरुमा मन्दिरको मुख्य भाग पोखरी सित जोडिएको आशंका हुनसक्छ । तर निकै पूर्व महन्थ कनक गिरिले त्यसको परीक्षागरीसक्नु भएको सर्वविदित छ । हुनत जलेश्वरनाथ महादेवको शिवलिङ्ग पश्चिम भागमा अर्द्ध चन्द्राकारको छ। शिवलिङ्गसँगै उत्तर पट्टिमा एक मिटर जति गहिरो खाल्टो छ जो पानीले परिपूर्ण छ। तर त्यो पूर्व वा पश्चिम कतैतिर गएको लाग्दैन ।

मिथिलाको संस्थापक मिथि महाराजद्वारा राजधानी चारै दिशामा चारवटा महादेवहरुको स्थापना गराइएकै क्रममा स्थापित र त्यस पौराणिक कालको अवशेषको रुपमा आज पनि पूजित जलेश्वरनाथ महादेवको दर्शनार्थ महाशिरात्रीमा ठूलो मेला लाग्नुको साथै फागुण शुक्ल पक्षमा हुने गरेको पन्द्र दिवसीय मिथिला पंचकोशी परिक्रमा चतुर्थी तिथिमा पुगेर दर्शन विश्राम पछि पंचमी तिथीको विहान त्यहाँको बरुण वा पुरन्दरसरमा स्नाननगरि जलेश्वरनाथको दर्शन पूजन गरि मड्ई तिर लाग्दछन् ।


यसको साथै श्रावण महिनाको हरेक सोमवारको दिन जनकपुरधाम बेलाग्राम स्थित दूधमती नदीमा स्नान गरी पचासौं हजार श्रद्धालु नर-नारीहरु आ-आफ्नो काँधमा काँवर बोकेर दूधमतीको जल, पन्द्र कि.मि.पैदल हिडेर जलेश्वरनाथलाई चढाउने गर्दछन् । धनुषा, महोत्तरी सर्लाही र सिरहा जिल्लाहरुका साथै निकटस्थ भारतीय क्षेत्रका एकलाख भन्दा बढि मानिसहरु श्रावणमा पूजा गर्दछन् । त्यस्तै सालभरि हरेक सोमबारका दिन सर्वसिद्धिदायक जलेश्वरनाथको दर्शन पूजन गरि मनोकामना पूरा गर्दछन् ।

अति प्राचीन जलेश्वरनाथ महादेव मन्दिरको



संचतलनको लागि श्री ५ गीर्वाण युद्ध विक्रम शाहको शासनकालको १८६९ सालमा २७५ विघा जग्गा ताम्रपत्रमा लेखेर प्रदान गरिएको भएता पनि पछि महन्थहरु द्वारा मन्दिरको सुप्रबन्ध गर्न नसकिएनाले ती जग्गाहरु गुठी अधिनस्थ हुन गयो । अचेल जलेश्वरनाथको मन्दिर जीर्णोद्धार गरिएको छ । समीपस्थ वरुणसर र पुरन्दरसर तथा त्यहाँ लाग्नेहाट बजारको ठेक्का रकम नगरपालिकाले लिने गरेकोले मन्दिरको आम्दानी शुन्य प्रायः छ। स्थानीय केही धर्मप्राण व्यक्तिहरुको सकृयतामा मन्दिर विकासको काम चलिरहेको छ। नेपालको अद्वितीय धार्मिक स्थल जलेश्वरनाथ मन्दिरको पुनर्निर्माण तथा समुचित व्यवस्थापनको लागि एउटा गुरु योजना तयार पारेर योजनाबद्ध रुपमा काम गर्नु अत्यावश्यक छ । होइन भने अर्द्ध शताब्दीपूर्वको गुलजार जलेश्वर अहिले शुनसान अवस्थातिर बढ्दै गएर भविष्यमा उजाड हुन जानेछ । त्यसैले प्राचीन धार्मिक स्थलको संरक्षणकोसाथै यसलाई पर्यटन केन्द्रको रुपमा विकास गरेर स्थानीय जनताको आर्थिक अवस्था पनि सुधार गर्दैजानु पर्दछ । प्रथम जननिर्वाचित सरकारको समयमा २०१७ साल पुस १ पूर्व निर्माण गरिएको जलेश्वर मलंगवा ३५ कि.मि. लामो बाटो हुलाकी सडकलाई पक्की निर्माण गर्नु आवश्यक छ। त्यस्तै प्रस्तावित इजिनियरिङ्ग कालेजको स्थापना र अध्ययन अध्यापन शिघ्रातिशिघ्र हुनुपर्दछ र यसले जलेश्वरको साथै सम्पूर्ण महोत्तरीको द्रुततर विकास हुनेछ।

# ‘बीजप्रद पिता’ तथा सनातनधर्मका अग्रज देव ‘शिव’



– उपेन्द्रभगत नागवंशी

*शिव तीनवटा अक्षरबाट बनेको छ-‘शंईव’.‘शिव’ । शिवको ‘श’ को अर्थ शयन तथा सुखवाचक र समाधीबोधक अर्थ यसमा निहित छ । ‘ई’ अभिष्ट सिद्धिको बोधक हो । यसबाट इच्छाएका कुरा पूर्ति गर्नसकिन्छ अर्थात् आफ्नो अभिष्ट पुरा गर्नसक्ने बाटो प्राणीले पाउँछन् । अभिष्ठको उपलब्धिले इच्छा-मनोकांक्षा समाप्त हुन जो भौतिक तापदायी कुरा हो । ‘व’ यो वीयु हो अमृत वीउ(बीज) ।*

सनातन धर्म-संस्कृति संस्कार मान्नेहरुबीच सर्वाधिक लोकप्रीय देउता हुन ‘शिव’ ! शिवको विभिन्न रुप र नामले हामि जान्दछौं र आराध्य देवको रुपमा सनातनदेखि पुज्दै उपासना गर्दै आइरहेका छौं । ‘सनातन र धर्म’मा सनातनको अर्थ हुन्छ अनादि, जस्को प्रारम्भ र समापन कतैबाट हुंदैन ! कुनै यस्ता वस्तु अथवा धारणा जसको आरम्भको केही ठेगाना नहुनु र त्यसको अन्त पनि नहुनु । अन्तविहिनता नै नहुनु ‘सनातन’ हो भने ‘धर्म’ जो हामि-मानव धारण गर्छौं र कुनै पात्र-नायक-नायीका देव, मुनी महात्मा वा आफ्ना अग्रज आदि प्रतिको आदर-भाव दर्शाउंछौ सोही धारणाको फ्रस्फूटन गर्दाको भाव नै धर्म हो भन्ने हामिले बुझ्नु पर्दछ ।

संसारमा कुनै एक देउताको मन्दिर अधिक छ र मान्ने प्रथा कायम छ भने त्यो हो-‘ शिव-शंकर-श्याम्भु-भोलेनाथ-रुद्र-महादेव’ आदि नामले चिनिन्छ देउता ‘ शिव’ !

**शिवको अर्थ** : शिव तीनवटा अक्षरबाट बनेको छ-‘शंईव’.‘शिव’ । शिवको ‘श’ को अर्थ शयन तथा सुखवाचक र समाधीबोधक अर्थ यसमा निहित छ । ‘ई’ अभिष्ट सिद्धिको बोधक हो । यसबाट इच्छाएका कुरा पूर्ति गर्नसकिन्छ अर्थात् आफ्नो अभिष्ट पुरा गर्नसक्ने बाटो प्राणीले पाउँछन् । अभिष्ठको उपलब्धिले इच्छा-मनोकांक्षा समाप्त हुन जो भौतिक तापदायी कुरा हो । ‘व’ यो वीयु हो अमृत वीउ(बीज) ।

यसमा दैविक तापको निवारण हुन्छ । ताप भनेपछि प्राणीमा निहित प्रकृति-दैविक तापको निवारण हुन्छ । यसलाई नै शास्त्रीयभाषामा ‘त्रिताप’ भनिन्छ। शीवलाई त्रिलोकी देउता त्रितापकै कारण भनेको छ । जो कामेन्द्रीयसँग सम्बन्धित शब्दाबली हो । अर्थात् दैहिक, दैविक र भौतिकको विनाशक र विकासक दुबै कामको पुरककर्ता शिव हो । प्राणिमा जब काम-इन्द्रीय जागृत हुन्छ त्यो एकप्रकारको ताप हो । प्रकृति प्रदत् दैविक ताप ! त्यस्को पूर्तिहुँदा प्राणी आनन्दीत हुन्छन् , त्यो पूर्ति बस्तुत मरण हो, प्राणिले मरणसँग बरण गरेपछि जो अंकुरण निर्माण हुन्छ त्यो अविष्कार हो, जो अविष्कारले सृष्टिको निर्माण हुन्छ । सृष्टि चलायमान हुन्छ त्यस बखत हामि पुनःआनन्दीत हुन्छौ अमृतबीजको महत्व तब सिद्ध हुन्छ । त्यसबखत शिवत्वको स्वरुप हामि देख्छौं ।

ईशा पूर्व २५०० तिरको समयमा विकसित एउटा सुसभ्य सभ्यताको पत्ता सन् १९२१मा त्यतिबेला लाग्यो जब बृट्रिशहरु रेल्वे लाइन बिस्तार गरी रहेका थिए । ‘हड्प्पा’ र ‘मोहनजोदारो’ नामक दुईस्थानबाट उत्खन्नगर्दा विश्वका प्राचीनतम् सबै सभ्यतालाई पछिछाड्दै सिन्धुघाटीमा विकशित सभ्यता थियो भन्ने ठहर गरियो । जुन समयमा वन-



जङ्गलले छोपिएको विश्व थियो त्यतीबेला एशिया महाद्धिपको सो क्षेत्रमा सम्मुन्नत सभ्यताको विकास भएको थियो । त्यहीँ सिन्धुघाटीको सभ्यताको आधारमा विश्वासको जङ्गमा हाम्रो मूलुकको सभ्यता संस्कृति पनि विकसित हुँदै आयो । नेपालले सनातन हिन्दु राष्ट्रको रुपमा आफ्नो पहिचान कायम गरेको थियो । वर्तमान पाकिस्तान देशको बलुचिस्तान भारतको कारगिलक्षेत्रबाट बगेर जाने सिन्धु नदीकै किनार हुँदै सिन्धुसभ्यता जो पछि हिन्दुकरण भयो, को विकास हुन पुँगेको यथार्थ इतिहास हामि समक्ष विद्यमान छ । हिमाली पडाडीक्षेत्रमा हमि संसारमा धनि छौं । अन्न-जल-जङ्गल र आरोग्यकालागि हाम्रो भूमि सदैब अग्रतामा रह्यो । बसुधैव कुटुम्बकम्को भावना जागृत मात्रै गदै आएन, मानव सभ्यताको उद्गमस्थल नै हाम्रो क्षेत्रलाई मान्नुपर्ने हो तर हामि स्वयं त्यसको औचित्य पुष्टीयायी तर्फ कहिले पहल गरेनौ ।

‘शान्तं शिव चतुर्थमद्वैतंमयन्ते’ अर्थात् चतुरवर्णिय अवस्था ब्रह्म-वाचक हुन र बीजप्रदः पिता’को रुपमा शिवलाई हेनुपर्दछ, भन्ने अर्थ भाव हो । शिवलाई महादेव पनि भन्निछ । यसको भनाइले नै सिद्ध हुन्छन् देउताहरुमा श्रेष्ठ, अग्ला-ठूलो ! शिव शब्द ‘वश कान्तौ ’धातुबाट बनेको हो । यसको भावार्थ हुन्छ- जस्लाई सबैले चाहन्छन् माया गर्छन र माया चाहन्छ उसैको नाम ‘शिव’ हो ! यस कुरोले स्पष्टहुन्छ् शिव अखण्ड आनन्दको स्त्रोत हनुको कारण सबैकोद्वारा स्नेह पाउनु र प्राप्त गर्नु देव हुनु हो । शिवको अर्थ त्यकारण पनि आनन्द हुन्छ । शिवलाई ‘शंकर’ भनेर पनि सम्बोधन गरिन्छ ।

### अखण्ड आनन्ददाता शंकर

अखण्ड आनन्द दिन ‘शंकर’ पनि हो जो शिवकै एकअर्को नाम छ । ‘शं’ को अर्थ-आनन्द तथा ‘कर’ को अर्थ-गर्नेबाला हुन्छ । यस हिसाबले ‘ शंकर’ आनन्द उपलब्धकारी शिवदेव नै हुन् । त्यसकारण शिवरात्रीमा विशेष पुजा गर्ने परम्परा कायम छ। शिवको आराधना पुजा गरेर मानिस आनन्दित हुन्छन् । महिलाहरु शिवको पुजा गरेर दाम्पत्य प्रेमको एकनिष्टतालाई कायम राख्न शिवरात्रीमा ब्रत बस्छन र आनन्द लिन्छन् । यसकार्यमा पुरुषहरुको पनि सहभागिता बराबर हुन्छ सहआनन्दी पुरुष पनि हुन्छ अनि दुबै मीलेपछि पूर्णानन्दको अवसर मानिसले प्राप्त गर्छन जो बस्तुतः शिवकै कारण उपलब्द्ध हुन्छन् । भन्नुको तात्पर्य हो शिव आनन्ददाता हो ! शिव सिद्धीदाता तथा अनन्त आनन्द दिनसक्ने देउता हुन् ! -शिव श्वासत सत्य हो ; हामिले यसरी बुझ्नु पर्ने हो ।

शिव-शंकरका पूर्णता प्रकृति एवं माया-प्रेमसँग सम्बन्धित हुन्छ । ‘शेरते प्राणिनो यत्र स शिवा’ प्राणि शयन-विश्राम गरेर थकावट दूर गर्छन् आनन्दीत हुन्छन् त्यो अवस्था-‘शिव’ हो, शिवतत्वको असल प्राप्ती यहाँनेर हुन्छ जब नर-नारीको मीलन हुन्छ । मिलन बिन्दूको बेला शंकर अर्थात् प्राण रहित भौतिक शरीर केही क्षणको लागि शिथिल हुन्छ अर्थात् केहीक्षण मर्छन् भनेपनि हुन्छ ,जो समयलाई हामि मीलनकृया भन्छौं । मिलन-कृया सक्ने कै नाम शिव-शिवाय हो !

### शिवतत्व रुप

मूलतः शिवतत्वको तिनवटा रुप शास्त्रमा उल्लेख भएको पाइन्छ । एक-‘कार्यब्रह्म’ अर्थात् जगतको उदय स्थान ! दोस्रो-‘ कारणब्रह्म’ अर्थात् निलय स्थान, तेश्रो हो-‘कार्यकारणातीत ब्रह्म’ अर्थात् विलय स्थान ! शिव हिमालयको कान्द्रा, गुफामा बास बसेर योग-ध्यान गर्ने भएकाले योगीन्द्र भएका हुन् । त्रिशुल धारणकर्ता र नन्दीसवारक भएकाले ‘पशुपति’, विदेहमुक्त हंदा ‘दिगम्बर’ कहलिए । सबैथोक दानदिनसक्ने र सबैकालागि तत्परता देखाउन भएकाले ‘औघड़दानी’ भए, आफ्नी अर्द्धांग्नि पार्वतीसँगको सहवासमा हुँदाको स्वरुपमा ‘अर्द्धनारीश्वर’ भए । पदार्थमा हुने सबै प्रकारका घात-प्रतिघात तथा अणु-परमाणुहरुमा छन्दमय गति र मति प्रदाण कारक भएकाले शिवको अर्को रुप ‘नटराज’ भयो । जो बस्तुतः विज्ञ आनन्द पनि हो । अर्थात् बस्तुहरुको उद्भव र विकास र विघटन विज्ञानन्द बाटै हुन्छ जो शिवको नृत्यरुपले प्रष्टाउँछ र प्राणीजन्यलाई गतिमान बनाएको बोध हुन्छ ।

### शिव ब्रहृम रुप

**ओंमिति ब्रहृम, ओंमितिदं सर्वम ।**
**ओंमित्यदनुकृतिर्हस्म** !

वेदबाट ज्ञात भए अनुसार शिवको पञ्चाक्षर मन्त्र छ । पाँच अक्षरका ती मन्त्र हुन्-‘नमः

- बाँकी पृष्ठ ६ मा

**यात्रा संस्मरण**

# मन फेरिएको जनकपुरयात्रा

*गंगासागर हुँदै भूतनाथको मन्दिर पुग्यौं । फर्केर दैनिक रुपमा हुने आरती हेर्ने इच्छ्याएका थियौं तर लामखुट्टेलाई निर्वाध रक्तदान गर्न मन लागेन, त्यसैले त्यो ईच्छा त्याग्यौं । यो पटक हिउँदमा पानी परेको थिएन त्यसैले जाडो छिट्टै सकिने छाँटकाँट छ । काठमाण्डौमै त लामखुट्टे हराएको थिएन भने जनकपुर वा तराईको के कुरा भयो र ?*



– प्रा.डा.सुमनराज ताम्राकार

जनकपुर जाने तेश्रो मौका जुऱ्यो, म अक्सर स्वास्थ्य वा साहित्यको कामले नेपाल घुम्ने गर्छु। पहिलो पटक २०४७ सालतिर महाराजगंजमा हेल्थ असिस्टेन्ट पढ्दै गर्दा दार्जिलिङसम्मको शैक्षिक भ्रमणको क्रममा विराटनगरबाट यहाँ आईपुगेको थिएँ। त्यो बेला पनि खासै घुमेको थिएन, उही जानकी मन्दिर परिसर र गंगासागर छेउछाउ मात्र थियो । मलाई लाग्छ त्यो बेला गंगासागर कै धर्मशालामा बसेका थियौं । दोश्रो पटक चाहिँ कोभिड महामारी अगाडि उदयपुरमा एउटा स्वास्थ्य तालीम सिध्याई वरि काठमाण्डौ फर्किने क्रममा आएको थिएँ । सानो छोरा प्रशान्तलाई पनि लिएर आएको थिएँ। उसलाई जानकी मन्दिर दर्शन गराउने हेतुले जनकपुर आएका थियौं। तर त्यो बेलासम्म पनि जनकपुरको सरसफाई त्यति राम्रो थिएन । उसले खासै मन पराएनन्, जताततै फोहरकै कारणले। त्यो बेला पनि जानकी मुख्यतःजानकीमन्दिर दर्शन गरेका थियौं । नजिककै होटेलमा शाकाहारी भोजन गरेका थियौं तर छोराले खानै मानेन ।

स्कुल छँदा चार प्रकारको बादल पढेको थिएँ, कस्तो संयोग भने जनकपुर बसाईमै शनिबारको कान्तिपुरमा बादलबारे नै लेख पढ्न पाइयो । बादलको प्रसङ्ग किन उठाएको भने हालै पोखरामा भएको यति एअरलाइन्सको दुर्घटनाले गर्दा आन्तरिक हवाई यात्रीहरुको सातो फर्किसकेको थिएन । त्यसैले जनकपुरसम्मको हवाई यात्रा दौरान चुरे कट्ने बेलामा शायद क्युमुलोनिम्बस खालको बादल हुनुपर्छ, तलदेखि माथिसम्म बाक्लो न बाक्लो ,त्यसैकारण केही क्षणका लागि जहाज जर्क हुँदा अलिअलि कालोनिलो हुन थाल्यौं, अन्य बेला भएको भए मज्जाले पचाउँथ्यौ, त्यस्तो जर्क त । तर हामी सजग र त्रसित दुवै भयौं । जे होस् राम्ररी पुगियो जनकपुर ।

बाह्रबिघा अलि पर रहेको होटल सिटी पार्कमा बसियो । त्यो दिन अलि थाकिएँ, त्यसैले खासै घुम्न गईएन । होटेलमा ल्याई पुऱ्याईंदा जानकी मन्दिरको बाटो भई ल्याएका थिए ।

यो पटकको यात्राकै समय सबिना श्रेष्ठ र रोहित महतोको मेहनतको प्रतिफलबाट सेतोपाटी अनलाइनमा‘मिथिलाक कथासभ’चलिरहेको छ । सबिनासँग रोहित महतोको नम्बर लिएको थिएँ। आज थाकिएकोले भोलीमात्र भेट्ने योजना बन्यो ।त्यहीखबर डा.अरुण यादव (म कार्यरत शैक्षिक संस्थाबाट स्त्रीतथा प्रसुती रोगमा विशेषज्ञता हासिल गरेका) लाई पनि भनें। डिनर खाईसकेपछि पेले सम्बन्धी पुस्तक भाषान्तर गर्दै थिएँ, त्यसैलाई निरन्तरता दिएँ । युट्यबमा ईम्याजिन नेपालको क्रियटर्स लिगमा हेर्दै, बेलाबखत नेटमा मिथिलाक कथासभ पढ्दै । सबिना श्रेष्ठले केही महिनाअघि पोहोर साल पनौतीको जस्तै जनकपुरको स्टोरी सिरिज गर्दैछु भनेर भन्दा मैथिली र भक्तपुर पनौती तिरको भजनमा कतिपय मैथिली शब्दावलीको कनेक्शन खोज्नु भनेको थिएँ । नभन्दै, यो विषयमा राम्रै अनुसन्धान गरेकी रहिछन् ।

जनकपुर पुगेको भोलीपल्ट सखारै रोहितसँग मर्निङवाक जाने योजना थियो, रोहितको फोन लागेन त्यसैले एक्लै जानकी मन्दिरमा जाने हेतुले बाटो लागें । तेश्रो पटकको भ्रमण भएपनि म भानुचोकतिरबाट गएछु, जानकीमन्दिरको नजिकै पुग्नै लाग्दा शिवमन्दिर भन्दा थोरै टाढाबाट दक्षिण पश्चिम गएको भए ठ्याक्कै पुगिने मा, म त गंगासागरको पश्चिमी किनार हुँदै कतापुगेछु, कता । आएकै बाटो फर्केर होटल आएँ । बाटोमा चिया पिएँ, लोकलको पनि मज्जालिनु पऱ्यो नि । होटेल पुगेर नास्ताखाई त्यस दिनको काममा गएँ । दिउँसो काम अलि छिटो सकिन्छ कि सोचेको थिएँ तर अलि टाईम लाग्यो होटेल फिर्दा साँढे चार नै बज्यो ।

चिनारु अग्रज पत्रकार विष्णमणि पोखरेलसँग आज भेट्ने योजना बनि सकेको थियो । त्यसैले फोनवार्ता गरि भानुचोक सम्मगई उहाँलाई पर्खिन थाल्यौं । उहाँले ठ्याक्कै तीन महिना अघि देखि मधेशदृष्टि दैनिक निकाल्न थाल्नुभएको रहेछ। उहाँसँग होटेल वेलकममा गई विविध विषयमा कफी वार्ता गऱ्यौं । पहिले नागरिक मिडियाको परिवार मासिकमा लेखन कार्यको सम्झना देखि अहिलेसम्मको समीक्षा गरि । त्यहीँ सेतोपाटी अनलाईनका मधेशब्युरो ईन्चार्ज रोहितलाई बोलायौं ।उहाँहरुलाई पनौती साहित्य समाजका प्रकाशनहरु दिएँ ।कफी खाएपछि राती अबेरसम्म रोहितले

- बाँकी पृष्ठ ६ मा

# बगर खेतीमा रमाउँदै कैलालीका किसान



अत्तरिया, ५ फागुन
कैलालीको धनगढी उपमहागनरपालिका-१० की प्रमिला बखरिया बगरखेतीमा व्यस्त हुनुहुन्छ । हिउँदे मौसममा उहाँको समय बगरमै बित्छ । बाह्रै महिना बगरमा खेती हुँदैन, हिउँदमा मात्रै हुने गर्छ, उनले भने ,यसमा समयअनुसारको सबै तरकारी लगाउने गरेका छौँ । उनले बारीमा काँक्रा, लौका, फर्सी, करेला, प्याज, खरबुजा, खुर्सानीलगायतका तरकारी उत्पादन गर्दै आएका छन् । हिउँदमा नदीको क्षेत्रफल साँघुरिने हुँदा बचेको बगरमा नै किसान तरकारी एवं विभिन्न किसिमका हिउँदे बाली लगाउने गर्छन् । कम खर्चमा राम्रो उत्पादन हुने भएकाले सदुपयोग हुन नसकेको बगरलाई बारीमा परिणत गर्ने किसानको संख्या बढ्दै गएको छ ।

धनगढी उपमहागनरपालिका-१० जुगेडाका भग्गु राना पनि तीन वर्षदेखि बगर खेती गर्दै आइरहेका छन् । उनले बारीमा काँक्रा, लौका, फर्सी, करेला, प्याज, खरबुजा, खुर्सानी, तरबुजालगायतका तरकारी उत्पादन गर्दै आएका छन् । बगरमा हुने सबैखाले तरकारी लगाएका छौँ, कमखर्चमा राम्रो उत्पादन हुन्छ, उनले भने । कुनै समय धान तथा गहुँ फल्ने जमिनलाई नदीले धार परिवर्तन गर्दै बगर बनाइदिएपछि त्यसैमा हिउँदे बाली लगाएर किसानले सदुपयोग गरिरहेका हुन् ।

धनगढीकै जुगेडाकै माया रानाले पनि सात वर्षदेखि बगर खेती गर्दै आएका छन् । मोहनाले खेत सबै बगाएपछि धान रोप्न पाएनौँ वर्षौंदेखि बाँझो रहेको बगरमा तरकारी लगाउने गरेका छौँ, उनले भने ,आम्दानी राम्रै भइरहेको छ । नेपाल-भारत सिमाना हुँदै बग्ने मोहना नदीले हरेक वर्ष कैलालीका किसानको खेतीयोग्य जमिन कटान गर्दै बगरमा परिणत गरिदिन्छ । नदीले धार परिवर्तन गर्दै नेपालतिरको जमिन कटान गर्दै जाँदा नम्बरी जमिन पनि नदी पारीसम्म पुग्छ । बगर बनेको जमिन बाह्रै महिना प्रयोग गर्न नपाए पनि किसान यो समयमा भने बगरलाई तरकारी बाली लगाएर हरियाली बनाउँछन् । जसले उनीहरूलाई केही राहत दिन्छ । किसान बगरखेतीबाट मासिक रु ३० देखि ५० हजारसम्म कमाउने गरेको बताउँछन् ।

किसानले बगरमा फलाएको तरकारी धनगढीको हाट बजारलगायत कैलालीका विभिन्न क्षेत्रमा पुग्ने गरेको छ । बजारको कुनै समस्या नरहेको किसानको भनाइ छ । बगरमा विगतमा आफ्नो जमिन भएका मात्रै नभई अन्य किसानले पनि भाडामा लिएर पनि तरकारी उत्पादन गरिरहेका छन् । जुगेडाकै अनारकली रानाले पनि जमिन भाडामा लिएर १० वर्षदेखि तरकारी फलाउँदै आएका छन् ।

छोटो समयमै हुने उत्पादनमा राम्रो प्रतिफल प्राप्त हुने हुँदा पछिल्लो समय बगर खेतीमा किसानको आकर्षण बढ्दै गइरहेको छ । जग्गावालालाई केही रकम र उत्पादन भएको तरकारी दिन्छौँ, उनले भने । उनीहरूले हामीलाई सहजै आफ्नो जमिन दिन्छन् । बगरमा तरकारी लगाउन र हेर्नलाई समस्या हुनेहुँदा सबैले यो खेती गर्दैनन् । तर केहीले बगरमै साना टहरा बनाएर यसमा काम गरिरहेका छन् । विगतमा सीमा क्षेत्रका नदी किनारका बगरखेतीमा विशेष गरेर भारतीय किसानले तरकारी खेती गर्दै आएका थिए । अहिले नेपाली पनि बगर खेतीमा आकर्षित हुँदै जाँदा भारतीय विस्थापित हुन थालेका छन् ।रासस

# तीन लाख भेडाबाख्रालाई पिपिआर खोप



त्रिशूली, ५ फागुन
नुवाकोट र रसुवामा जारी रहेको पिपिआर खोप अभियानमा करीब तीन लाख भेडाबाख्रालाई खोप लगाइने भएको छ ।

नुवाकोट र रसुवा कार्यक्षेत्र रहेको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र नुवाकोटले यही फागुन ७ गतेसम्म सञ्चालन गर्ने खोप कार्यक्रममा आफूले पालन गरेका भेडाबाख्रालाई पिपिआर (हैजा) रोगविरुद्धको खोप कार्यक्रममा सहभागी गराउन केन्द्र प्रमुख भरत पाण्डेले किसानलाई आग्रह गरे ।

उनका अनुसार नुवाकोटका दुई लाख ३५ हजार र रसुवाका ३१ हजार भेडाबाख्रालाई खोप लगाउन दुई जिल्लामा रहेका १७ स्थानीय तहका पशुसेवा शाखा प्रमुखको समन्वयमा ६० जना भ्याक्सिनेटर (खोपकर्ता) परिचालन गरिएको छ ।

अभियानका क्रममा भेडाबाख्राको खोरमा नै पुगेर खोप लगाउन भ्याक्सिनेटर खटाइएको छ, केन्द्र प्रमुख पाण्डेले भने ,थोरै संख्यामा पालन गर्ने किसानका लागि तोकिएको केन्द्रसम्म ल्याउन अनुरोध गरिएको छ, कम्तिमा २० सम्म भेडाबाख्रा पालन गर्ने किसानको खोरमा नै पुगेर खोप लगाउने व्यवस्था मिलाएका छौं । भेडाबाख्रामा देखिने श्वासप्रश्वासको समस्या समाधानका लागि पिपिआर रोग विरुद्धको खोप दिन थालिएकाले सबै किसानलाई सहभागी हुन र गराउन खोप कार्यक्रम अभियानका रुपमा एकैसाथ सबै स्थानमा सञ्चालनमा ल्याइएको विज्ञ केन्द्र नुवाकोटका पशु चिकित्सक डा बब्लु ठाकुरले जानकारी दिए । उनका अनुसार भेडाबाख्रामा महामारीका रुपमा फैलने र प्राणघातक मानिएको पिपिआर रोगको उपचारसमेत सम्भव नहुँदा रोगबाट बचाउन खोप लगाउनु नै एकमात्रै उपाय मानिने गरिएको छ ।

जन्मेको तीन महिना पूरा भएका (गर्भवती तथा सुत्केरी भेडाबाख्रालाई समेत) खोप लगाइने भए पनि स्वास्थ्यमा समस्या भएकालाई खोप लगाउन हुँदैन, पशु चिकित्सक डा ठाकुरले भने , नेपालमा नै बनेको र वर्षौंदेखि सफल कार्यान्वयनमा आइसकेकाले पिपिआर खोप शतप्रतिशत सुरक्षित छ, आफूले पालन गरेका भेडाबाख्रालाई ढुक्क भएर खोप कार्यक्रममा सहभागी गराउन किसानलाई आग्रह गर्दछौं ।

पिपिआर रोग सङ्क्रमित भेडाबाख्रामा कडा किसिमको ज्वरो आउने, सिङ्गान बगाउने, आँखामा च्याल काढ्ने, चिप्रा (कचेरा) देखिने, पातलो दिसा गर्ने मुख तथा गिजामा पानीका फोका जस्ता घाउ आउने र पछि उक्त घाउ फुटी पाप्रा बन्ने लगायतका लक्षण देखिने भएकाले रोगबाट सुरक्षित गर्न खोप लगाउनु नै एकमात्रै उपाय भएको उनको भनाइ छ ।

यो रोग लागेमा चौबिस घण्टादेखि एक साताभित्र प्राणसमेत जाने भएकाले किसानलाई पशुधनको रक्षा गर्न, पशुपालन पेसामा टिकाइराख्न र व्यावसायिक रुपमा निरन्तरता दिने वातावरण सुनिश्चित गर्न भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले खोप कार्यक्रम सञ्चालनमा ल्याएको हो । उक्त कार्यक्रम बागमती प्रदेश सरकार, कृषि तथा पशुपक्षी विकास मन्त्रालयले अभियानका रुपमा प्रदेशका सबै जिल्लामा सञ्चालन भइरहेको जनाएको छ ।रासस

# पर्यटनमन्त्रीलाई व्यवसायीको प्रश्नः कहिले हुन्छ अन्तरराष्ट्रिय उडान ?




पोखरा, ५ फागुन
संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीसँग पोखराका पर्यटन व्यवसायीले अन्तरराष्ट्रिय विमानस्थलबाट अन्तराष्ट्रिय उडानलगायत पर्यटनका विविध विषयमा प्रश्न गरेका छन् । पोखरा पर्यटन परिषद्को आयोजनामा मन्त्रीसँग पर्यटन विषय केन्द्रित अन्तरक्रिया कार्यक्रममा व्यवसायीहरुले अन्तरराष्ट्रिय उडानका लागि सङ्घीय सरकारले किन पहल गर्न सकेको छैन? कहिलेदेखि उडान सुरु हुन्छ ? जस्ता प्रश्न गरेका थिए । गत १ जनवरीमा उद्घाटन गरिएको पोखरा अन्तराष्ट्रिय विमानस्थलमा अहिलेसम्म पनि अन्तराष्ट्रिय उडान सुरु हुन सकेको छैन ।

मन्त्री किरातीले पोखराको सुन्दरताको वर्णन गर्दै अन्तराष्ट्रिय उडानका लागि आफूले पहल गरिरहेको जानकारी दिए । उनले पोखरा उत्कृष्ट गन्तव्य र पर्यटनको विश्वविद्यालय नै भएकाले यसको विकासमा आफूले निकै चासो दिएको बताउँदै अन्तराष्ट्रिय उडानका विषयमा आफूले प्रक्रिया बुझेर कार्य अघि बढाउने जानकारी दिए । मन्त्री किरातीले पर्यटन व्यवसायीका जिज्ञासा समाधान गर्न आफू सकारात्मक भएको जनाउँदै जिम्मेवारी र कर्तव्य बुझ्ने नेतृत्वको अभावमा यस्ता समस्या बग्रेल्ती देखिएकाले सुधारको आवश्यकता रहेको बताए । त्यसैगरी पर्यटन व्यवसायीले नेपाल पर्यटन बोर्डको कार्यविधि नबनेकाले पर्यटन प्रवर्द्धनमा विनियोजित रकम खर्च हुन नसकेको विषयमा पनि प्रश्न उठाएकामा नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत धनञ्जय रेग्मीले पर्यटन प्रवर्द्धनका लागि लागि बेर्ड सदस्यहरूबाट पूर्वाधार विकासका एजेन्डा प्रस्तुत हुन नसकेको गुनासो गरे ।

पर्यटन व्यवसायी गणेश भट्टराईले अन्तराष्ट्रिय विमानस्थल उद्धाटन गर्न हतारिएको तर आवश्यक गृहकार्य पूरा नभएको बताए । उनले अन्तराष्ट्रियले उडान हुन नसक्दा धेरै प्रश्नहरु उठ्न थालेको जनाउँदै सङ्घीय सरकारलाई यथाशक्य पहल गर्न आग्रह गरे ।

नेपाल पर्यटन बोर्ड गण्डकी प्रमुख काशिराम भण्डारीले आफूलाई कार्यविधि नबनी रकम निकासा गर्ने अधिकार नभएकाले प्रवर्द्धनका लागि विनियोजित रकम खर्चगर्न समस्या भएको बताए ।

पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले अन्तराष्ट्रिय विमानस्थल उद्धाटन भएसँगै उत्साहित भए पनि अन्तराष्ट्रिय उडान सुरु हुन नसक्दा निराश भएको बताए । योसँगै सरकारको स्पष्ट पर्यटन नीति नहुनु र ठूलो लगानी भएको पर्यटन क्षेत्र वित्तीय संस्थाको चर्को ब्याजदर र दबाबले थप समस्या सिर्जना गरेको बताए । राष्ट्रिय आविष्कार केन्द्रका महावीर पुनले पर्यटन विकासका लागि अनुसन्धान हुनुपर्नेमा जोड दिए । उनले पर्यटक लक्षित गतिविधि र गन्तव्यका लागि नयाँ नयाँ सोच र विकासको खोजी आवश्यक रहेको बताए । पर्यटन परिषद्का संस्थापक अध्यक्ष अशोक पालिखे, पूर्वअध्यक्ष गोपिबहादुर भट्टराई, टान, हान, नाट्टा, टेसा, एगा, एनटिभिए, वोटेफ, मनी चेञ्जर, पोखरा उद्योग वाणिज्य सङ्घ, भिटोफ, नेपाल हवाई खेलकुद संस्थालगायत संस्थाका अध्यक्ष एवम् प्रतिनिधिले आ-आफ्नो क्षेत्रका विषयगत समस्या प्रस्तुत गरेका थिए । रासस

# फूल्न थाल्यो गुराँस



फुङ्लिङ, ५ फागुन
ताप्लेजुङको पाथीभरा क्षेत्रमा गुराँस फुल्न सुरु भएको छ । पहाडी जिल्लाको बेँसी क्षेत्रहरुमा माघको दोस्रो सातादेखि नै गुराँस फुल्न थालेको हो ।

समुद्र सतहदेखि तीन हजार मिटर उचाइमा अवस्थित सुकेटार विमानस्थल वरपर गुराँस फुलेको भेट्न सकिन्छ । पहाडी क्षेत्रमा गुराँस फुल्न सुरु भएसँगै वनजङ्गल राताम्य हुने गर्दछ । स्थानीय व्यवसायी गुराँस फुलेसँगै पर्यटन व्यवसाय फस्टाउने आशमा हुन्छन् ।

त्यस्तै आशमा छन्, पाथीभरादेवी नजिकै होटल सञ्चालन गरेका युवराज खड्का । गुराँसको सिजनमा उहाँले मनग्य आम्दानी गर्दै आएका छन् । गुराँस ढकमक्क फुल्न थालेपछि व्यापार धेरै हुने गरेको उनले बताए । पर्यटक यहाँ गुराँससँग रमाउन गाडी नै ल्याएर आउँछन् । हामीलाई उहाँहरूको सेवा गर्न भ्याइनभ्याइ हुन्छ, उनी भन्छन । यहाँ नयाँ वर्षको दिन पर्यटकको धेरै घुइँचो लाग्छ । उनले भने ,गुराँसको महिमाले यहाँ पर्यटकको संख्या बढेपछि होटल सुरु गर्‍यौँ । डाँडाभरि फुल्ने गुराँस हेरिरहुँ लाग्छ, यी निकै मनमोहक देखिन्छन् ।

पर्यटकीय क्षेत्रमा गुराँसमा झुम्मिनेहरू धेरै भेटिन्छन् । हिमाली र पहाडी भेगमा ढकमक्क गुराँस फुलेको हुन्छ । माघदेखि जेठसम्म गुराँस फुल्छ । गुराँसलाई बिम्ब बनाएर धेरै गीत, गजल र कविता लेखिएका छन् । सामाजिक सञ्जालमा गुराँस छेउ उभिएको, हत्केलामा गुराँस राखिएको, कानमा सिउरिएका तस्बिरहरू देखा पर्न थालेको छ । गुराँस बगैँचामा रमाउने र पदायात्रा गर्नेहरू धेरै भेटिन्छन् । तस्बिरमा देखेकाहरू प्रत्यक्ष रूपमा गुराँस देख्दा धेरै रमाउँछन् । गुराँसका पात, बोक्रा र फूल मानिस तथा घरपालुवा जनावरका लागि औषधिका रूपमा प्रयोग गरिन्छ । अचार, सर्वत र रक्सी बनाउन पनि यो झनै उपयोगी हुन्छ ।

फागुनको दोस्रो सातादेखि पाथीभरा मन्दिर जाने पदमार्गको दायाँबायाँ विभिन्न प्रकारका लालीगँरासका फूलले सजिने गर्दछ । निकै लामो समय गाडीभित्र गुम्सिएर उकुसमुकुस यात्रापछि गाडीबाट ओर्लिने बित्तिकै मनमोहक राष्ट्रिय फूल लालीगुराँस फूलको स्वागतले तीर्थयात्रीमा एक प्रकारको ऊर्जा प्राप्त हुने गर्दछ ।

लालीगुराँसले पाथीभरा क्षेत्रका वनपाखा रङ्गीन हुने गर्दछ । यस क्षेत्रमा लालीगुराँस माघदेखि नै फुल्न थालेको छ । मौसम परिवर्तनको असरका कारण यस वर्ष चाँडै गुराँस फुल्न थालेको स्थानीयवासीको भनाइ छ । लालीगुराँस फुलेपछि पाथीभरा दर्शनका लागि आउने तीर्थयात्री सबैको मन लोभ्याउने गर्दछ । पाथीभरा जाने पदमार्गमा ढकमक्क गुराँस फुल्न थालेपछि तीर्थयात्रीको संख्या बढ्दै जाने गरेको पाथीभरा क्षेत्र विकास समितिले जनाएको छ । ढकमक्क फुलेको लालीगुराँस देख्दा सबैको मन लोभ्याउने र आनन्द लिन तथा पाथीभरा देवीको दर्शन गर्न एकै पटक मिल्ने भएकाले अहिले तीर्थयात्रीको संख्या बढ्दै गएको हो ।

प्राकृतिक सुन्दरतासँगै विभिन्न प्रजातिका गुराँस फुल्ने याम सुरु भएकाले पाथीभराको दर्शनसँगै गुराँस फुलेको मनोरम दृश्यको अवलोकन गर्न सकिने पाथीभरा क्षेत्र विकास समितिका कार्यकारी निर्देशक मनमणि काफ्लेले बताए । नेपालमा पाइने ३२ प्रजातिका गुराँसमध्ये पाथीभरा क्षेत्रमा मात्र २६ प्रजातिका पाइने पाथीभरा क्षेत्र विकास समितिले जनाएको छ । विश्वमा दुर्लभ वन्यजन्तु रेडपान्डाको बासस्थान पाथीभरा क्षेत्रमा पर्दछ । कालो भालु, मृग, घोरल साथै नेपालमा मात्र पाइने काँडेभ्याकुर, कालिज, नेपालको राष्ट्रिय पन्छी डाँफेलगायत वन्यजन्तु तथा पन्छी पाइने गर्दछन् ।

पर्यटन मन्त्रलयको आर्थिक सहयोगमा पाथीभरा क्षेत्रमा गुराँस उद्यान क्षेत्रको घोषणसमेत गरिएकाले गुराँसको संरक्षण गर्ने काम भइरहेको छ । यस क्षेत्रमा सुनपाती, रातो चिमाल, चियाफुले गुराँस, नीलो चिमाल, पहेँलो चिमाल, जुँगे चिमाल, सानो चिमाल, लहरे चिमाल जातका गुराँस पाइन्छन् ।

यस्तै कोर्लिङ, चिमाल, ठेकी झार, प्रजातिका गुराँस पनि पाइन्छन् । यस क्षेत्रमा पात्ले कोर्लिङ, सेतो चिमाल, गुलाबी कोर्लिङ जस्ता प्रजातिसमेत रहेका छन् ।रासस

# सिकारीको पर्खाइमा ढोरपाटन सिकार आरक्ष



बलेवा, ५ फागुन
ढोरपाटन सिकार आरक्षमा वर्षको दोस्रो सिकारयाम सुरुआत भएको छ । आगामी सिकार याम (२०७९ फागुन-२०८० वैशाख)का लागि ढोरपाटनमा सिकार गर्न इच्छुकबाट प्रस्ताव आह्वान भएसँगै सिकार आरक्ष सिकारी पर्यटकको पर्खाइमा छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले बिहीबार प्रतिस्पर्धाबाट सिकार गराउन दरभाउ पत्र आह्वान गरेको हो । पन्ध्र दिनभित्र पेस हुने प्रस्तावबाट बढीबढाउका आधारमा सिकार कम्पनीले नाउर, झारल र वनेलको सिकार अनुमति पाउने छन् ।

विभागका अनुसार आरक्षमा तोकिएको ब्लक र निर्धारण गरिएको कोटाका आधारमा प्रतिस्पर्धाबाट नाउर, झारल र वनेलको सिकार गरिने भएको छ । यसका लागि व्यक्ति तथा सङ्घ संस्थाले निवेदन दिनसक्ने विभागले जनाएको छ ।

आरक्षमा यस आव २०७९/८० को दोस्रो यामका लागि १२ नाउर आठ झारलको सिकार कोटा तोकिएको छ । यस सिजनमा नेपाली नागरिकका लागि ७ वनेल र विदेशी नागरिकका लागि चार वनेल गरी जम्मा ११ वटा वनेल सिकार कोटा तोकिएको आरक्षका प्रमुख संरक्षण अधिकृत वीरेन्द्र कँडेलले बताए ।

ढोरपाटन नेपालको एक मात्र सिकार आरक्ष हो । यहाँ कात्तिक-मङ्सिर र फागुन-वैशाख गरी दुई सिजनमा सिकारको अनुमति दिइन्छ । आरक्षले सिकारको अनुमति दिएको संख्या, पर्यटक र उनीहरुको गतिविधिलाई नियमनको काम गर्छ । नेपालमा दुई सिजनमा गरी सामान्यतया दुई दर्जन नाउर र एक दर्जन झारलको सिकार हुने गरेको छ । आरक्षमा कूल छ वटा ब्लक रहेका छन् । ब्लकअनुसार मूल्य फरकफरक पर्छ । पर्यटकले सिकार गरेको जनावरको सिङ, छाला, खप्परजस्ता अङ्ग भने आफ्नो मुलुक लैजान पाउँछन् । विभागले यस वर्षको पहिलो सिकार यामका लागि आठ नाउर र पाँच वटा झारलको सिकार अनुमति दिएको थियो । तीमध्ये पाँच नाउर र चार झारलको मात्रै सिकार भएको थियो । अघिल्लो सिकार याममा सिकार हुन नसकेका नाउर र झारल समेतलाई थप गरेर वर्षको दोस्रो याममा सिकार अनुमति दिन लागिएको हो ।

पहिलो सिकार याममा कुनै पनि नेपाली र विदेशीले सिकारका लागि चासो नदेखाए पनि दोस्रो याममा वनेलको सिकारका लागि प्रस्ताव आह्वान गरिएको छ । अनुमति लिएका विदेशीले निःशुल्क वनेलको सिकार गर्न पाउँछन्, नेपालीलाई पनि सामान्य शुल्क लिएर सिकारका लागि अनुमति लिन प्रस्ताव आह्वान गरिए पनि अहिलेसम्म कोही पनि अनुमति लिन आएका छैनन, उनले भने ,आशा गरौँ यो मौसममा बनेको पनि सिकार हुनेछ ।

आरक्षमा रहेका वनेल आसपासका बस्तीमा पसेर किसानको बाली मास्ने गरेका छन् । आरक्षमा वनेलको संख्या उच्च रहे पनि सिकारीले चासो नदेखाएका हुन् । सिकारको माग बढी हुँदा राजस्वको दर पनि बढ्ने र माग घट्दा राजस्व पनि घट्ने गरेको छ ।रासस

# सरकारी अस्पताललाई शैक्षिक केन्द्रका रुपमा विकास गर्दैछौं : प्रधानमन्त्री




काठमाडौँ, ५ फागुन
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले सरकारी अस्पताललाई स्वास्थ्य विज्ञानको शैक्षिक केन्द्रका रूपमा विकास गर्दै जाने सरकारको सङ्कल्पमा सबैको सहयोग र प्रतिबद्धता प्राप्त हुने विश्वास व्यक्त गरेका छन् ।

अस्पताललाई चिकित्सा शिक्षा र तालिम केन्द्रका रूपमा रूपान्तरण र विकास नगरी सुलभ, प्रभावकारी, गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न सकिँदैन, अनुसन्धानको कार्यलाई व्यवस्थित र परिणाममुखी तुल्याउन सकिँदैन, उनले भने ,यसै यथार्थलाई मध्यनजर गर्दै प्रतिष्ठानले विराटनगर, भरतपुर, भैरहवामा रहेको सरकारी र सामुदायिक अस्पताललाई शिक्षण अस्पतालका रूपमा विकास गरेको छ ।

चिकित्साविज्ञानराष्ट्रियप्रतिष्ठानको तेस्रो दीक्षान्त समारोहलाई सम्बोधन गर्दै उहाँले आगामी दिनमा प्रतिष्ठानले दक्ष प्राविधिक जनशक्तिको उत्पादन, प्रभावकारी सेवा प्रवाह र राष्ट्रिय आवश्यकताको सम्बोधन हुने गरी अनुसन्धानका कामलाई अगाडि बढाउन निर्देशन दिए ।

प्रधानमन्त्री प्रचण्डले चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानले आफ्नो दृष्टिकोण, लक्ष्य र उद्देश्यलाई मध्यनजर गर्दै स्वास्थ्य सेवाका लागि विश्वसनीय, सुरक्षित र गुणस्तरीय सेवा प्रदान गर्न, देशमा आवश्यक जनशक्ति उत्पादन गर्न, अनुसन्धान तथा चिकित्सा शिक्षाको विकासमा गरिरहेको प्रयास र पुऱ्याएको योगदान महत्वपूर्ण रहेको बताए ।

उनले भने सरकारी स्वास्थ्य संस्था र प्रतिष्ठानमा सेवा प्रदायक निकाय र व्यक्तिले प्रभावकारी सेवा नदिएको, प्राविधिक सामग्रीको चुस्तदुरुस्त परीक्षण र परिचालन नगरेको, सार्वजनिक स्वास्थ्यको गुणस्तर कमजोर रहेको, पेसागत मर्यादा र आचरणमा स्खलन आएको, मिलेमतोमा सरकारी सम्पत्तिप्रति बेवास्ता र दुरुपयोगसमेत भएको, सेवाग्राहीप्रति विनम्रता र गम्भीरताको कमी रहेको जस्ता जनगुनासो र सार्वजनिक सञ्चारमाध्यममा आएका समाचार हाम्रा लागि गम्भीर विषय हुन्, यस्ता बेथितिमा सुधारका लागि स्वास्थ्य क्षेत्रमा शल्यक्रियाको आवश्यकता महसुस हुन्छ ।

प्रतिष्ठानबाट यस क्षेत्रमा थप परिस्करणसहित निरन्तरताको अपेक्षा गर्दै सरकारको पूर्ण सहयोग रहने प्रतिबद्धतासमेत उनले व्यक्त गरे । उनले भने ,चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानले स्वास्थ्य सेवा प्रवाह, जनशक्ति उत्पादन र अनुसन्धानको क्षेत्रमा महत्वपूर्ण जिम्मेवारी पूरा गर्दै आए पनि सेवाग्राहीको चाप र विकसित नयाँ परिस्थितिका सामु त्यो पर्याप्त देखिँदैन ।

प्रतिष्ठानबाट दीक्षित हुनुहुने विद्यार्थीका लागि आजको दिन खुसी र विशेष गौरवका दिन भएको प्रधानमन्त्री प्रचण्डको भनाइ थियो । व्यक्तिगत जीवनका दृष्टिले, सामाजिक उत्तरदायित्वका दृष्टिले, राष्ट्र निर्माणको गुरुत्तर जिम्मेवारीका दृष्टिले आजको दिन तपाइँहरूका लागि अविस्मरणीय दिन हो, उनले भने , आजको दिन आफ्नो भविष्य एवं देश र जनताप्रतिको उत्तरदायित्वमा थप सङ्कल्प र अठोट गर्ने दिन हो ।

प्रधानमन्त्री प्रचण्डले भने चिकित्सा विज्ञान प्रतिष्ठानले तपाइँलाई ज्ञान र सीपका साथ उच्चतम उपाधि प्राप्त गर्ने अवसर प्रदान गरेको छ, भविष्यको आधारशिला खडा गरिदिएको छ ।

उनले प्रतिष्ठानबाट प्राप्त ज्ञान, सीप र अनुभवलाई समाजमा सकारात्मक परिवर्तन ल्याउन र जनताको सेवालाई विस्तार र विकासमा योगदान पुऱ्याउने गरी प्रयोग गर्न आग्रह गरे । प्रधानमन्त्री प्रचण्डले भने तपाइँहरू स्वयं जिम्मेवार, सक्रिय, जिज्ञासु र कर्तव्यनिष्ठ भएर मात्र दीक्षान्त समारोहले कोरेको मार्गमा अगाडि बढ्न र निरन्तर सफलता हासिल गर्न सक्नेछ ।

उनले प्रतिष्ठानअन्तर्गत रहेको वीर अस्पतालले आफ्नो उत्पादनमार्फत देशका विभिन्न ठाउँमा विशेषज्ञ सेवा पुऱ्याउन सफल भएको भन्दै त्यसलाई थप विस्तार गर्नुपर्ने आवश्यकता औँल्याए ।

सरकारको सेवामा रहेका पाँच सय बढी चिकित्सकले यसै संस्थामार्फत विशेषज्ञता र अति विशेषज्ञताको उपाधि प्राप्त गरी स्वास्थ्य सेवामा योगदान पुऱ्याइरहेका छन् । वर्तमान सरकारले सामाजिक न्याय, सुशासन र समृद्धि आफ्नो मुख्य लक्ष्य बनाएको उल्लेख गर्दै प्रधानमन्त्रीले चुनौतीपूर्ण अवस्थामा रहेको राजनीति र अर्थतन्त्रलाई सकारात्मक दिशा दिन आफू प्रयासरत रहेको बताए ।

प्रधानमन्त्री प्रचण्डले भने , बदलिएको राजनीतिक व्यवस्थाअनुरूप जनताको अवस्था बदल्न, देशका सम्पूर्ण विकास आयोजनाहरू तोकिएको गुणस्तर र तोकिएकै समयमा निर्माण सम्पन्न गरी समृद्धिको यात्रालाई तीव्रता दिन दृढसङ्कल्पित छु ।

सरकारको यस प्रयासमा प्रतिष्ठानको नेतृत्व, आबद्ध चिकित्सक, कर्मचारी र आम सरोकारवाला निकाय तथा व्यक्तित्वको रचनात्मक एवं सकारात्मक प्रयास, सहयोग र प्रतिबद्धता जरुरी रहेको प्रधानमन्त्री प्रचण्डको भनाइ छ ।

नेपालको नयाँ संविधानले स्वास्थ्यको हकलाई जनताको मौलिक हकका रूपमा प्रत्याभूत गर्दै समाजवादउन्मुख स्वास्थ्यको सङ्कल्प रहेको तथ्य पेस गर्दै उनले संविधानमा व्यवस्था भएबमोजिम स्वास्थ्यसम्बन्धी हकको व्यावहारिक अभ्यासका निम्ति कानुनी, संस्थागत, संरचनागत र कार्यशैलीगत प्रबन्ध तथा सुधार आवश्यक रहेको बताए ।

वर्तमान सरकार संविधानमा व्यवस्था भएबमोजिमका ऐन तर्जुमा गरी स्वास्थ्य सेवालाई निःशुल्क, सर्वसुलभ र विभेदमा पारिएका नागरिकको पहुँच स्थापित हुने गरी कार्यान्वयन गर्न प्रतिबद्ध रहेको प्रधानमन्त्री प्रचण्डको भनाइ छ ।

त्यसका लागि सरकारका तर्फबाट आवश्यक गृहकार्य र पहल भइरहेको उनले जानकारी दिए ।रासस

# नेपालको कूटनीतिक सम्बन्ध रहेका देशको संख्या १७८ पुग्यो



काठमाडौँ, ५ फागुन
नेपाल र मलावी गणतन्त्रबीच कूटनीतिक सम्बन्ध स्थापना भएको छ । योसँगै नेपालको कूटनीतिक सम्बन्ध रहेका देशको सङ्ख्या एक सय ७८ पुगेको छ ।

संयुक्त राष्ट्रसङ्घका लागि नेपालका राजदूत/स्थायी प्रतिनिधि अमृतबहादुर राई र संयुक्त राष्ट्रसङ्घका लागि मलावी गणतन्त्रका राजदूत/स्थायी प्रतिनिधि एग्नेस मेरी चिम्बीरी-मोलान्डेले संयुक्त राष्ट्रसङ्घका लागि नेपालको स्थायी नियोग, न्यूयोर्कमा एक संक्षिप्त समारोहमा बिहीबार सोसम्बन्धी संयुक्त विज्ञप्तिमा हस्ताक्षर गरे । हस्ताक्षरपछि दुई देशबीचको कूटनीतिक सम्बन्ध स्थापनाका बारेमा संयुक्त राष्ट्र सङ्घका महासचिव एन्टोनियो गुटेरेसलाई जानकारी गराउने संयुक्त पत्रमा दुवै राजदूतले हस्ताक्षर गरेको संयुक्त राष्ट्रसङ्घका लागि नेपालको स्थायी नियोगले जनाएको छ ।

सो अवसरमा दुई राजदूतले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चमा द्विपक्षीय सहयोगलाई मजबुत बनाउन साझा हितका विभिन्न विषयमा विचारविमर्श गरेका थिए । उनीहरूले समूहको साझा हितको संरक्षण र प्रवर्द्धनका लागि संयुक्त राष्ट्र सङ्घलगायत विभिन्न अन्तर्राष्ट्रिय मञ्चमा समूहका रूपमा अतिकम विकसित देशको भूमिकाबारे पनि छलफल गरेका थिए । नेपालले अर्को महिना मलावीबाट एलडिसीको ग्लोबल समन्वय ब्युरोको अध्यक्षको भूमिका सम्हाल्दैछ ।

दक्षिणी अफ्रिकामा अवस्थित, मलावी पनि एक भूपरिवेष्ठित देश हो भने मोजाम्बिक, जाम्बिया र ताञ्जानियासँग यसको सिमाना जोडिएको छ । करिब दुई करोड जनसङ्ख्या रहेको मलावीको कूल क्षेत्रफल एक लाख १८ हजार चार सय ८४ रहेको छ ।

नेपाल र मलावी दुवै असंलग्न आन्दोलन (एनएएम), ७७ को समूह, अतिकम विकसित देशहरू (एलडिसिज) र भूपरिवेष्ठित विकासशील देशहरू (एलएलडिसिज) का सदस्य हुन् ।रासस

## मन फेरिएको ......

जनकपुरको कोर एरियामा घुमाए ।

गंगासागर हुँदै भूतनाथको मन्दिर पुग्यौं । फर्केर दैनिक रुपमा हुने आरती हेर्ने इच्छ्याएका थियौं तर लामखुट्टेलाई निर्वाध रक्तदान गर्न मन लागेन, त्यसैले त्यो ईच्छा त्याग्यौं । यो पटक हिउँदमा पानी परेको थिएन त्यसैले पनि जाडो छिट्टै सकिने छाँटकाँट काठमाण्डौमै त लामखुट्टे हराएको थिएन भने जनकपुर वा तराईको के कुरा भयो र ? जे होस् आज रोहितका कारण जानकीमन्दिर भित्र राम्रै दर्शन गर्न पाइयो । त्यहाँका पुजारीबाट पनि विशेष सम्मान मिल्यो । मन्दिर भित्रको संग्रहालयमा पनि डुल्न पायौं । रैथानेसँग घुम्नुको मज्जा नै बेग्लै, तर रोहितलाई बिहानको मेरो हुस्सुपना बारे भनिनँ ।यसरी थाकेर होटेल पुगेर उही सिरिज हेर्दै, अल्छि मान्दै दिउँसोको बाँकीकाम गरि सुतें ।

अर्को दिनबिहान भने योजना मुताबिक रोहितसँग छ बजे नै मर्निङवाकमा निस्क्यौं । रोहितले मलाई रेल्वे स्टेशनबाट यताउतीगर्दै जानकीमन्दिर परिसरमै ल्याई पुऱ्याए ।करिब सवादुई घण्टाको प्रातभ्रमणमा वृहत्तर जनकपुर, रेल्वेदेखि मधेशवासीले निकै लामो समयदेखि भोगिरहेको नागरिकताको समस्याबारे जानकारी पाइयो । यसबाट मधेश प्रतिको मेरो सोच फेरियो, अर्थात् यो पटकको जनकपुर यात्राले मेरो मन फेरियो । लस्सीयहिँ पिटे है ब्राण्डिङ गरेकोमा मन रमायो ।यो पटक जनकपुर तुलनात्मक रुपमा सफा पाएँ ।

त्यसपछि काममा गएँ । लामखुट्टेले टोकाउँदै परीक्षा लिएको जीवनमा पहिलो पटक होला । आज चाहिँ सोचे भन्दा छिट्टै काम सकियो । होटेल आई डा. अरुण यादवलाई फोन लगाएँ । डा. अरुण र उसको साथी डा. विकास कुमार शाहसँग भिट्टामोड हुँदै सुरसण्डसम्म गई घरायसी किनमेल गरेर फर्किंदा राती अबेर भयो । यसरी अर्को एउटा थप भारतीय नाकामापुगें । यसअघि पशुपतिनगर, सिलीगुढी, जोगबनी, रक्सौल, बेलहिया, जमुनाहा, गौरीफन्टा, झुलाघाट, धार्चुला पुगिसकेको थिएँ । होटेल फर्केर भोली फर्स्ट फ्लाईट भएको कारण सामान प्याकगर्न तर्फ लागें भने पेलेको पुस्तकको भाषान्तरलाई निरन्तरता दिनथालें । यसरी जनकपुरको यात्रा सफलिभुत बनाई चौथो दिन फर्किने तरखर गरें ।होटलको काउण्टरबाटै फ्लाईट टाईममा छ, छैन बुझ्न लगाएको भएपनि डिले रहेछ । त्यसैले त जनकपुर एअरपोर्टमा प्लेन कुर्दै गर्दा यो यात्रा संस्मरणको ड्राफ्ट गर्न थालें । (रोहितले आर्टिकल लेख्न कसरी भ्याउनुहुन्छ सोधेका थिए, यही उत्तर भयो है ।) डिले पनि अलिअलि हो र, साँढे तीन घण्टा ।भिजिबिलिटीकम भएकोले ८:३५ को सेड्युल्ड फ्लाईट झण्डै १२ बज्न लाग्दामात्र भयो । ल अब भने प्लेन आईपुग्यो, साईन अफ गर्दैछु है त, बाई जनकपुर अर्को पटकको सम्मको लागि....................

## 'बीजप्रद पिता' तथा ......

शिवायः' । हामि यसलाई 'ओम् नमः शिवाय' उच्चारण गर्छौं । 'ओम्' प्रणव हो । पहिलो प्रणरुपि प्राण हो ! ओम् नै ब्रह्म हो जो सर्वत्र विद्यमान छ र ओम् नै शिवको साकार रुपपनि हो । ओम् नमः शिवायको नाम पटक-पटक उच्चारण गरिरहँदा प्राणी हरेक कष्टबाट मुक्त र बन्धन मुक्त हुन्छ । शिव स्वयं ब्रह्म हो । प्रलय पछि जो शेष रहन्छ त्यो नै ब्रह्म हो र शिवलाई प्रलंयकारी देउता भनेर शास्त्रमा भनिएको छ । प्रलयपछि पनि शेष जो रहन्छ त्यो नै शिव हो भनेका छन् । सृष्टिको आदिकालमा सत्य थिएन र असत्य पनि थिएन । केही थियो भने शिवत्व थियो । शिव सत्य हो सत्यनै शिव हो र शिवम् नै सुन्दर हुन्छ ।

योऽन सन्न चासच्छिव केवलः अथातो ब्रहम जिज्ञासा । 'अस्य जन्मादस्य यतः' ब्रह्मसूत्रको दोश्रो सुत्रमा यसको अर्थ यसरी प्रष्टाइएको छ -'अस्य'-यस संसारमा, 'जन्मादि'-जन्म,रक्षा तथा विनाश, 'यस्य'-जोबाट हुन्छ त्यही ब्रह्म हो । अर्थात् संसारमा जन्मदिने, रक्षा र विनाश गर्ने काम जोबाट हुन्छ त्यहीँ प्राणि, प्रकृति ब्रह्म हो । यसरी बुझ्न सकिन्छ ।

उक्त संस्कृति श्लोकको सोही अर्थ हो ! वैदिक कालमा शिवको चर्चा छैन् । वेदमा शिवलाई 'रुद्र'को रुपमा चित्रण गरिएको अवश्य भेटिन्छ । प्रथमवेद 'ऋग्वेद'को तिन सूक्तमा रुद्र महादेवको विषयमा हामिलाई जानकारी प्राप्त हुन्छ । ऋग्वेदको प्रथम मण्डलको ११४ सूक्त, द्वितिय मण्डलको ३३ तथा सातौं मण्डलको ४६ सूक्तमा अन्य वैदिक देउताहरुको साथमा रुद्रको चर्चा गरिएको पाइन्छ । तर, अन्य बैदिक देउताहरुको अपेक्षा रुद्रलाई कम आकलन गरेका छन् । यसमा शास्त्र रचियताले त्यसकालखण्डमा षडयन्त्रपूर्वक बेइमानी गरेको हुनसक्छ ।

### शिव पुजनको परम्परा

सत्यको स्वरुप स्थिर हुन्छ । त्यहीँ असत्यको परिवर्तनशील हुन्छ । तर यी दुबै नभएको बखत मात्र ब्रह्म थियो । त्यहीं ब्रह्म 'शिव' हो । यही शिव सृष्टिको उत्पादन रुप हुन् । यसमा यो भ्रम नरहोस् त्रिदेव-'ब्रह्मा,बिष्णु, शिव' अन्तगर्तका शिव हो भनेर ! त्रिदेव अन्तर्गतका ब्रह्मा बिष्णु महेश(शिव) आ आफ्नो कार्यले शक्ति प्राप्त गरेका थिए । र, प्राणिको कल्याणका निमित्त कार्य गरेका थिए । त्यस अन्तर्गतका शिव ब्रह्म शिव हुन् । यी त्रिदेव प्राचीनकालमा मानव नै थिए । यसमा भारत वर्षमा केही आयातित र केही मूलवासी थिए । आप्न्नो कार्यप्रणाली र षडयन्त्रले उनीहरु देउता कहलाए । ब्रह्मा,बिष्णु अयाति-आर्यदेव भए । शिव त्यस समयका मूलवासी-अनार्य देव भए । यही कारण हो जो वर्तमान समयमा पनि अरु जति पनि देवी-देउताहरु भए अथवा छन त्यसमा शिव अवतारित पुरुष-देउता भए । तर त्रिदेव अन्तर्गतका बिष्णु सार्वाधिक अवतारित देउता भएका हुन । जो अकारण होइन, एउटा षडयन्त्र अन्तर्गत नै भएको हुनुपर्छ यसको गम्भिर अध्ययनको आवश्यकता थियो र वर्तमानमा पनि छदैछ । शिव अनादिकालका अनार्य देव हुन् । कृषिकर्मका प्रतिक उत्पादनका देउता, संघारकर्ता, सम्हारकर्ता देउता, तिनौलोकमा शिव नै हुन् भन्ने बोध सनातन संस्कृतिका महान ग्रन्थ वेद, उपनिष्दमा सो कुरोको थेरै पुष्टि हुन्छ । प्राचीन नेपालमा गोपाल वंशीहरुको पालामा पशुपतिनाथको शिवलिङ्ग पता लागेता पनि शिवकै एकनाम र स्वरुपका देउता भगवान 'पशुपति नाथ' पनि हुन् भन्ने यसमा कुनै मतभिन्नता छैन् । सिन्धुघाटीको सभ्यतामा पशुपतिको मूर्ति पनि हडप्पा समाजमा भेटिएको थियो ।

उत्खननमा एउटा टारमा भेटिएको चित्रमा एकजना मानिस बसेका छन् उनको एउटा खुट्टा मोडिएर बसेको र अर्को लटकिरहेका र ध्यानमुद्रामा मुखाकृति तिनतर्फबाट तिनै तिर घुमिएको र टाउकोमाथि पशुको सिंग जस्तो र छात्तीमाथि त्रिशुल आकारको आकृति अंकित छ । विभिन्न विद्वानहरुले शिवको पशुपतिरुपको प्रतिमा मानेका छन् । मूर्तिको तिनवटा टाउकोलाई शिवको त्रिनेको द्योतक तथा तीनवटा सिंघलाई शिवको प्रमुख अस्त्र त्रिशुलको प्रतिक मानेका छन् । शिवलाई उत्पादनको देउताकोरुपमा पुजन गर्ने ।

शिवको साथमा साँढ/गोरुलाई साहचर्य एवं सो कालमा उत्पादनकर्ता हुने बोध गराउँदछ । प्राचीनकालमा 'हड़पा निवासीहरु'ले शिवलाई मानवाकृति, लिङ्गायत, पाशुपत आदिरुप र नाममा पुजाआजा गर्दथे । महाभारतकालमा संकर्षण नागदेवको रुपमा पुजा गर्ने चलन विकसिशत भएको थियो भने बुझ्न सकिन्छ । सिंधुघाटीबाट भेटिएको आकृतियुक्त मूर्तिलाई जैन साहित्यमा आदिनाथ ऋषभदेव भनेका छन् । 'बृषभ'शब्दको अर्थ 'साँढ-बैल(गोरु) नै हुन्छ । जैनधर्मका प्रवर्तकहरुको प्रतिक चिन्ह गोरु हो । त्यसकारण हड़पा सभ्यताभन्दा अघि जैन धर्म थियो भन्ने बुझाई पनि जैनी सिद्ध सन्तहरुको रहेका छन् ।

भारतवर्षको सम्प्रदायमा पाँच देउताको प्रधानता अतीतदेखि वर्तमानसम्म रहँदै आएको हो । त्यसकारण हामि कुनै मांगलीक कर्म गर्दा र सिद्धी प्राप्तिकालागि 'पञ्च देउता भ्यो नमः' गरि मन्त्रोच्चारण गर्छौं । यो पञ्चदेउतामा 'शिब, बिष्णु, गणेश, सूर्य, र देवी । वैदीकालदेखिको यो पञ्चदेउताको चलन मा महाभारतकाल आएपछि ....रह्यो । तर यसमा पनि शिव अनिवार्य देव नै रहेको देखिन्छ । सनातन धर्म अन्तर्गतको अत्यन्त प्राचीन कालदेखि नै पञ्चदेउताको पुजन प्रथा पम्परागत रुपमा त्यसकारणपनि हुँदै आएको हो । यी पञ्च देउतामा समयकाल परिस्थिति मुताविक देउताहरुलाई पुजा-आराधना गर्ने चलनमा पनि परिवर्तन आएको देखिन्छ । तर एकदेउतालाई मान्ने पुजागर्ने प्रथामा कहिले परिवर्तन भएन त्यो देउता हुन आनादिकालका देउता, सर्वशक्तिमान जीवनदायनी ज्ञानईन्द्रीय प्रवाहक शिव नैहुन् !

वायु पुराणको आधारमा पञ्च देउताको रुपमा विद्वान डा.जे.एन.बनर्जीले 'संकर्षण', वासुदेव, प्रद्युमन, शाम्ब र अनिरुद्धको रुपमा चित्रित गरेका छन । यसमा शाम्ब शौर परिवारसँग सम्बन्धित र शेष चारलाई वासुदेव परिवारसँग सम्बन्धित भनेका छन् । यस मध्येबाट 'संकर्षण'लाई विशुद्ध रुपमा नागदेव भनेका छन् नागहरुको देउता संकर्षण हो भनेका छन् । यो महाभारत कालीन कथाबाट तथ्यगत सारको विवरण पाउँदछन् । यसकालका प्रमुख देउता नायक कृष्ण आदि भएपनि संकषर्ण नागदेवको रुपमा शिव कै स्वरुप निर्धारण अध्ययनबाट थाह हुन्छ । अर्थात् द्वापर युगको महाभारत कालमा पनि शिव सर्वशक्तिमान देउता नै थिए भन्ने बोध हुन्छ । शिव सत्य हो, शिव शक्ति हो , शिव बीयु हो र शिव खुशी तथा समृद्धिकारक हो ! अनन्त आनन्द प्रदाता हो भन्ने हामिले बुझनै पर्छ । त्यसकारण शिवको स्तुति गर्नु पुजन गर्नु मानसिक रुपमा आफूलाई तनाव मुक्त पार्नू हो । शिव भक्तिले आफुले आफैलाई सबल , कठोर र दयालु बनाउनु पर्ने हो भन्ने बुझनु पर्दछ । शिव रात्री शुख रात्रीको प्रतिक हो । यसरात्रीलाई सन्तान उत्पतिकारक दिन मान्नु पर्छ । यौनिकृयात्मक भाव अभिव्यक्तकारी सहयात्रीसँगको सहवासको सुखद रात्री पनि हो हो शिवरात्री भन्ने मनोविज्ञानलाई पनि हामिले बुझ्नु पर्दछ । अरु थोक नभएपनि ओम् नमः शिवायको मूल मन्त्र त्यपछि मात्र हामिले सार्थक पार्न सक्छौं ।

9804861407
(u.nagawanshi@gmail.com )

## २४ घण्टा भित्रै भ्रष्टाचार ......

कारण यहाँकै व्यापारीहरु रहेको आरोप पनि उनले लगाए ।

यादवले भने 'जनकपुरधाममा सामानदेखि घरभाडासम्म महँगो छ । जसको कारणले गर्दा यहाँका जनता सीमापारि भिट्ठामोड सामान किन्न जान्छन्, यहाँ आउने पर्यटक एक दिनमै फर्किने गरेका छन् ।' पारिको दररेटमा अलिकति तलमाथि मूल्यमा सामान उपलब्ध गराई दियो भने जनता बोर्डरपारी सामान किन्न जानुनपर्ने चर्चा गर्दै यादवले भने 'यहाँका होटल लजहरु सस्तो भइदिएको खण्डमा पर्यटकहरु लामो समय बस्छन । त्यतातर्फ यहाँका उद्योगी व्यवसायीलाईले ध्यान पुऱ्याउनु पर्दछ ।'

**उत्पादकत्व बढाउनेमा जोड**

कार्यक्रममा धनुषा क्षेत्र नम्बर ३ का सांसद जुली महतोले हामी कहाँ सबै श्रोत साधन उपलब्ध भएपनि हामी आर्थिक संकट खेपिरहेका बताइन । 'हामीले अहिलेसम्म आफ्नो उत्पादन बढाउन सकेका छैनौं' महतोले भनिन् 'हामीभन्दा पनि बढी आर्थिक जर्जरताबाट गुजरिएका भियतनाम र बंगलादेश जस्ता देशहरु छन् । उनीहरुले आफ्नो उत्पादकत्व बढाएर त्यसलाई ब्राण्ड बनाउन सफल भए । थोरै समयमा आर्थिक सम्पन्नता हासिल गरेका छन् ।' महताले हामीहले आफ्नो देशको उत्पादकत्व बढाएर ब्राण्ड बनाउनेतर्फ जोडदिनुपर्ने धारणा राखिन ।

कार्यक्रममा प्रदेश सरकारका भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्री बसन्त कुशवाहाले हामीसँग नदी नाला, कृषि योग्य जग्गा भएपनि चामल, गहुँ र मकै जस्ता खाद्यान्न आयात गरिरहेको अवस्था औल्याए । 'हामीले अहिलेसम्म आफ्नो उत्पादकत्व बढाउन सकेका छैनौं' कुशवाहले भने 'तेश्रो मुलुकबाट अर्बौ रुपैया बराबरको खाद्यय सामाग्री निर्यात गर्दै आएका छौं ।' कुशवालले भने 'अब प्रदेश सरकारले चामल, गहुँ र मकै जस्ता खाद्यय सामाग्रीको उत्पादन बढाउन खेतीमा ध्यान पुरयाउनेछ । त्यसका लागि विभिन्न योजनाहरु प्रदेश सरकारले ल्याएको छ । चाँडै नै कार्यान्वयमा ल्याउन छौं । यसमा सबैको सहयोग आवश्यक छ ।'

जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठको अध्यक्षतामा सम्पन्न कार्यक्रमा सामाजिक विकास मन्त्री सुरिता साह, प्रदेश सभासदस्य रामआशिष यादव, दिपेन्द्र ठाकुर, प्रहरी उपरिक्षक बसन्त बहादुर खड्का र नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष मनिका झा लगायतका वक्ताहरुले धारणा राखेका थिए ।

महाभूकम्प, कोरोनापछि नेपालसहित विश्वमा देखा परेको आर्थिक मन्दीका कारणले सुषुप्त बनेको अर्थतन्त्रलाई गति दिने उद्देश्यले जउवा संघले फागुन ५ गतेदेखि १४ गतेसम्मका लागि १० दिने अन्तराष्ट्रिय व्यापार मेलाको आयोजना गरेको हो । सो व्यापार मेलामा १ सय ५० वटा स्टलहरू रहेका छन् । २० रुपैया प्रवेश शुल्क राखिएको सो व्यापार मेलामा १० लाख दर्शकले अवलोकन गर्ने लक्ष्य जउवा संघले राखेको छ । ती अन्तर्राष्ट्रिय व्यापार मेलामा स्थानीय उत्पादनका साथै, नेपाल, भारत, पाकिस्तान, बङ्गलादेशमा उत्पादित भएका विभिन्न प्रकारका सामाग्रीहरूको स्टल रहेको संघले जनाएको छ ।

मेलामा इलेक्ट्रिकल, इलेक्ट्रोनिक, साइकल, कार, जीप, मोटरसाइकल, स्कुटर, लत्ताकपडा, फर्निचर, घर निर्माणमा प्रयोग हुने विभिन्न सामानहरूको स्टलहरू छन् । यसका साथै मेलामा मिथिला पेन्टिङ्ग लगायत विभिन्न सांस्कृतिक कार्यत्रम आयोजना भइरहेको छ ।

## अदालतको आदेश ......

करीब तीन वर्षअघि पहिलो चरणको कोरोना संक्रमणको बेला प्रादेशिक अस्पताल जनकपुरधामद्वारा सञ्चालित कोभिड विशेष अस्पतालमा काम गरेका चिकित्सक सहित ४८ जना स्वास्थ्यकर्मीको एक महिना ४ दिनको तलब र ५ महिनाको जोखिम भत्ता बक्यौता रहेको छ । प्रादेशिक अस्पतालद्वारा नर्सिंग क्याम्पस, नगराईन नगरपालिका स्थित गंगुली र लक्ष्मिनिया गाउँपालिका सहित संचालन भएका तीनवटै कोभिड अस्पतालमा खटेका ती स्वास्थ्यकर्मीहरुको तलब वापत १६ लाख २५ हजार ४२६ र जोखिम भत्ता वापत ७३ लाख ६२ हजार २२६ गरी कूल ८९ हजार ८७ हजार ६५३ रुपैया बक्यौता रहेको छ । संघका पदाधिकारीहरुले २०७७ असार महिनाको १५ गतेदेखि ०७७ पुसको ४ गतेसम्मको तलब नपाएको हो ।

मधेश विज्ञान प्रतिष्ठान र सामाजिक विकास मन्त्रालयले बक्यौता रहेको सोही बेला बक्यौता रकम रकम प्रदेश सरकारले पठाइसकेको भन्दै प्रादेशिक अस्पतालका तात्कालिन प्रमुखले सो रकम के गरेको बारे थाहा नभएको बताउँदै आएका छन् । ती निकायका पदाधिकारीहरुले सो रकम तात्कालिन मेसु डा. प्रमोद यादवले अनियमितता गरेको संकेत गरेका छन् ।

पिडीत स्वास्थ्यकर्मीहरुले दुई वर्षभन्दा बढी समय ताकेता गर्नमै समय बिताए । अन्ततः पाउने आश नदेखेपछि उच्च अदालतमा संयुक्त रुपमै प्रादेशिक अस्पताल, प्रादेशिक अस्पतालका मेसु डा. प्रमोद यादव, सामाजिक विकास मन्त्रालय र कोभिड अस्पतालका संयोजक डा. जामुन सिंहलाई विपक्षी बनाई मुद्दा हालेका थिए ।

उच्च अदालतका न्यायधीश गुणराज ढुंगेल र रामेश्वर रेग्मीको संयुक्त इजलाशले २०७८ असार ७ गते कोरोना जस्तो संक्रमणकाल अवस्थामा ज्यान जोखिममा राखेर काम गरेका स्वास्थ्यकर्मीहरुको रकम विपक्षीहरुले उपलब्ध गराउन परमादेश जारी गरेको थियो । तर परमादेश जारी भएको ८ महिना बित्न लाग्दा पनि बक्यौता रकम भुक्तानी हुने सम्भावना नदेख्दा पिडीतहरुलाई झन चिन्तित बनाएको छ ।




फेब्रुअरी १७, २०२३ मा इथियोपियाको अदिस अबाबामा रहेको अफ्रिका युनियन को मुख्यालयको अगाडि पूर्वी मा द्वन्द्वको बिरूद्ध भएको प्रदर्शनको क्रममा एक महिलाले प्रजातान्त्रिक गणतन्त्र कङ्गो को झण्डा बोकेकी छिन् । (अमानुएल सिलेशी / फोटो एएफपी)

# राजर्षि जनक कप:
## सुदुरपश्चिमलाइ ६-२ को गोलको अन्तरले पराजित गर्दै मछिन्द्र फाइनलमा

घनश्याम बलम्पाकी
सर्लाही, फागुन ५

सुदुरपश्चिम-११, माथि सहज जित निकाल्दै मच्छिन्द्र सर्लाहीको बागमतीमा जारी सातौं राजर्षि जनक कप फुटवल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ।

शुक्रवार बागमती नगरपालिका-११, स्थित स्वर्गिय सन्तोष श्रेष्ठ स्मृती खेल मैदानमा सम्पन्न दोस्रो सेमिफाइनल खेलमा मच्छिन्द्र फुटवल क्लव ६-२ गोल अन्तरले विजयी भएको हो । जित निकाल्दै राजर्षि जनक कपको फाइनल यात्रा तय गरेको मच्छिन्द्र फुटवल क्लवले कम्तिमा उपविजेताको उपाधि सुरक्षित गरेको छ । भने, सुदुरपश्चिम-११, पुर्‍याएका थिए । त्यसको १२ मिनेटको अन्तरमा सुदुरपश्चिम-११, का भरत टमाटाले टिमका लागि दोस्रो गोल गरे । टमाटाको गोलमा खेल ५-२ को अवस्थामा पुगेको थियो । खेलको ८५ औं मिनेटमा उत्सव राईको पासमा विमल घर्तिमगरले गोल गर्दै टिमलाई ६-२ को अवस्थामा पुर्‍याएका हुन् । मच्छिन्द्रको सामु सुदुरपश्चिम निरिह सावित भयो । यसै विच दुई गोलमा अशिष्ट र टिमको लागि ब्यक्तिगत एक गोल गरेका विमल घर्तिमगर खेलको म्यान अफ दि म्याच घोषित हुदै ट्रफि र नगद १० हजार प्राप्त गर्न सफल भए । जित सगैं मच्छिन्द्र फुटवल क्लवले फाइनल खेलमा जावलाखेल यूथ क्लव सगँको भेट पक्का गरेको छ। उपाधिका लागि



पराजित हुदै फाइनलको यात्रा टुंगिएको छ।

मच्छिन्द्रको जितमा खेलको छैठौं मिनेटमा दयानन्द सिंहले पहिलो गोल गर्दै टिमलाई अग्रता दिलाएका हुन् । उन्ले विमल घर्तिमगरको हेड पासमा सहज गोल गरेका थिए । मच्छिन्द्रले त्यस पछि पनि लगातार सुदुरपश्चिम माथि गोलको बर्षा गरेको थियो । सुदुरपश्चिम-११, का सामु लयमा देखिएको मच्छिन्द्रले पहिलो हाफको खेल ४-० को अवस्थामा पुर्‍याको थियो । खेलको १३ औं मिनेटमा मच्छिन्द्रका बिजय भुजेलले टिमका लागि दोस्रो गोल गरे । दयानन्द सिंहको पासमा उन्ले गोल गरेका थिए । खेलको ३६ औं मिनेटमा मच्छिन्द्रको खेलाडि बिमल घर्तिमगरलाई सुदुरपश्चिमका खेलाडिले 'डि' बक्स नजिकै फउल गरेपछि मच्छिन्द्रले फ्रि किक पाएको थियो । मच्छिन्द्रका देबेन्द्र तामाङले फ्रि किकलाई सजिलै गोलमा परिणत गरिदिएका हुन् ।

खेलको ३९ औं मिनेटमा गोल गर्दै मच्छिन्द्रका पुजन उपरकोटीले टिमलाई ४-० को अवस्थमा पुर्‍याए । दोस्रो हाफ पछि पनि सुदुरपश्चिम-११, ले खेलमा सुधार गर्न सकेन । खेलको ५० औं मिनेटमा सुदुरपश्चिम-११, ले पेनाल्टी मार्फत पहिलो गोल फर्काएको थियो । मच्छिन्द्रका दिवाकर चौधरीले डि बक्स भित्र फउल गरेपछि पाएको पेनाल्टी सुदुरपश्चिम-११, का फगुराम थारुले गोलमा परिणत गरिदिएका हुन् ।

यस्तै खेलको ६२ औं मिनेटमा मच्छिन्द्रका दिपेश घलेले गोल गर्दै खेललाई ५-१ को अवस्थामा जावलाखेल र मच्छिन्द्र फुटवल क्लवले फागुन ७ गते आइतवार प्रतिस्पर्धा गर्ने छन् ।

मधेश प्रदेशकै सर्वाधिक पुरस्कार राशी रहेको राजर्षि जनक कप फुटवल प्रतियोगिताको विजेता टिमले १० लाख नगद र राजर्षि रनिङ सिल्ड तथा उपविजेता टोलीले नगद ५ लाख पुरस्कार प्राप्त गर्ने छन् ।

फाइनल यात्राका लागि मच्छिन्द्र र सुदुरपश्चिम-११ भिड्न लागेका हुन् । उपाधि होडमा रहिरहन यस खेलको नतिजा जसरी पनि आफ्नो पोल्टामा पार्ने दाउमा दुवै टोली रहने छन् । आजको खेलमा विजयी टोलीले कम्तिमा प्रतियोगिताको उपविजेताको उपाधि रक्षा गर्ने छ ।

प्रतियोगिताको पहिलो फाइनल टिमको रुपमा जावलाखेल यूथ क्लव ललितपुर अन्तिम दुईमा स्थान सुरक्षित गर्दै उपाधि नजिक पुगिसकेको छ । आजको भेटको लागि मच्छिन्द्रले क्वाटरफाइनल खेलमा आयोजक बागमती यूवा क्लवलाई पराजित गरेको थियो । भने, सुदुरपशिम-११, ले प्रिक्वाटर फाइनलमा पाहुना टोली यूनाईटेड कुर्सेङ दार्जलिङ र क्वाटरफाइनलमा चर्चब्वाईज यूनाईटेडलाई पराजित गरेको हो । फागुण ७ गते हुने फाइन हुने प्रतियोगिताको विजेताले १० लाख नगद र राजर्षि रनिङ सिल्ड र उपविजेता टिमले नगद ५ लाख प्राप्त गर्ने छन् । यस्तै प्रतियोगितामा विधागत उत्कृष्ठ खेलाडिहरुलाई समेत पुरस्कार प्रदान गरिने आयोजक बागमती यूवा क्लवका अध्यक्ष किस्मत राज मैनालीले जानकारी दिए ।

# बाराका २ खेलाडीलाई सासंद मैनालीले दिए खेल सामग्री र उर्जा

विकास अग्रवाल
बारा, ५ फाल्गुन ।

राष्ट्रिय महिला फुटबल फूटबल टीममा २८ जना भित्र बन्द प्रशिक्षणमा पर्न सफल बारा निजगढका करुणा बुढाथोकी र दिलमाया घिसिङ्गलाई बारा क्षेत्र नम्बर एकबाट प्रतिनिधि सभाका सदस्य अच्यूत प्रसाद मैनालीले उनीहरुलाई खेल सामग्री उपलव्ध गराएका छन । सासद मैनालीले सामग्री दिदै खेलाडीलाई भने, "कडा मिहिनेत, परिश्रम र अनुशानले मात्रै लक्ष्य प्राप्त गर्न सकिन्छ, देश नाम चिनाउने मध्य एक खेलाडी पनि हो । देशको नाम, बाराको नाम र निजगढको नाम चिनाउने अबसर प्राप्त भएकोमा शुभकामना दिए । मैनालीको सहयोग र साथले खेलाडीहरु निकै खुशी समेत भए । प्रशिक्षक भगवतीको नेतृत्वमा नेपाली यू-१५ राष्ट्रिय महिला टोलीले गत नोभेम्बरमा बंगलादेशमा



भएको साफ यू-१५ महिला च्याम्पियनसिपको ऐतिहासिक उपाधि जितेको थियो । त्यसबेला नेपाललाई उपाधि दिलाउँदाका नायक गोलकिपर सुजाता तामाङ र फरवार्ड वर्षा ओलीसँगै यू-१५ टमकै कप्तान दिपा रोकाय पनि टिममा छन् । त्यसबेला टिममा रहेका १६ खेलाडी अहिले पनि प्रारम्भिक टिममा समावेश छन् । यूईएफए असिस्ट यू-१७ महिला च्याम्पियनसिप आगामी २० मार्च देखि ३१ सम्म बंगलादेशमा आयोजना हुँदैछ । यूईएफए असिस्ट प्रोग्राम अन्तर्गत दक्षिण एसियाली फुटबल महासंघ (साफ) ले यो प्रतियोगिता आयोजना गर्न लागेको हो । एन्फाले यू-१७ च्याम्पियनसिपका लागि खेलाडी छान्न जनवरी २६, २७, ३१ र फेब्रुअरी १ र २ मा एन्फा कम्प्लेक्समा खुल्ला छनोट गेको थियो।

# यू-१७ महिला राष्ट्रिय टिमको बन्द प्रशिक्षणमा बाराका २ खेलाडी

विकास अग्रवाल
बारा, ५ फाल्गुन । यू-१७ महिला च्याम्पियनसिपको तयारीका लागि बन्द प्रशिक्षणमा बारा निजगढका २ खेलाडी पर्न सफल भएका छन । यू-१७ महिला च्याम्पियनसिपको तयारीका लागि बन्द प्रशिक्षणमा २८ खेलाडीलाई बोलाइएको छ।

यूईएफए असिस्ट यू-१७ महिला च्याम्पियनसिप २०२३ का लागि पहिलो चरणमा टोलीकी मुख्य प्रशिक्षक भगवती राना मगरले २८ खेलाडीलाई बन्द प्रशिक्षणमा बोलाएकी अखिल नेपाल फुटबल संघ (एन्फा) ले जनाएको छ । जसमा बारा निजगढकी करुणा बुढाथोकी र दिलमाया घिसिङ समेत रहेका छन ।

बन्द प्रशिक्षणमा बोलाईएका खेलाडीहरुमा गोलकिपरः सुजाता तामाङ (चितवन), राधिका ओली (दाङ), पुष्पा रोकाया (कैलाली), करुणा बुढाथोकी (बारा) रहेकी छिन् । यस्तै डिफेन्डर तर्फ अमिता भुल (कैलाली), माया मास्के (स्याङ्जा), झुमा विश्वकर्मा (मोरङ), विपना स्नेही (कैलाली), सीता रोकाया (कैलाली), लिला चन्द (कैलाली), अञ्जना पुन मगर (दाङ), प्रेरणा डोल्मा लामा (सर्लाली), दिपा मगर (उदयपुर), सिमरन राई (झापा), रेणु लिम्बु चाबेगु (झापा) रहेकी छिन् भने मिडफिल्डर तर्फ रुपा लिम्बु (मोरङ), दिलमाया घिसिङ (बारा), भावना परियार (स्याङ्जा), विकास कुमारी चौधरी (कैलाली), सुमी हाङ्मा राई (सप्तरी), सुक्रिया मिया (स्याङ्जा), काजल स्याङ्तान (रौतहट), सुशीला केसी (चितवन) पुनम चेम्जोङ (पाँचथर) रहेकी छिन् ।

यसैगरी फरवार्ड तर्फ सेनु परियार (नवलपुर), दीपा रोकाया (कैलाली), वर्षा ओली (कैलाली), कविता गुरुङ (रौतहट) । रहेकी छिन् ।

# नेपालले स्कटल्याण्डलाई हरायो




काठमाडौं, ५ फागुन

आइसिसी विश्वकप क्रिकेट लिग-२ को त्रिकोणात्मक एकदिवसीय सिरिजअन्तर्गत स्कटल्याण्डविरुद्धको खेलमा नेपाल विजयी भएको छ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा शुक्रवार भएको खेलमा नेपालले स्कटल्याण्डलाई तीन विकेटले पराजित गर्दै विजयी भएको हो । स्कटल्याण्डले दिएको दुई सय ७५ रनको लक्ष्य नेपालले ४७ ओभरमा सात विकेट गुमाउँदै पूरा गऱ्यो ।

नेपालका लागि दीपेन्द्रसिंह ऐरीले सर्वाधिक ८५ रनको योगदान दिए । उनले एक सय १६ बल खेल्दै आठ चौका र एक छक्काको मद्दतमा अविजित ८५ रनको योगदान दिएका हुन् । त्यसैगरी कुशल मल्लले ८१ रनको योगदान दिए । उनले ६७ बल खेल्दै नौ चौका र चार छक्का प्रहार गर्दै ८१ रन बनाउन सफल भएका हुन् ।

यसैगरी सोमपाल कामीले अविजित २४ रन बनाए भने गुल्सन झाले १७ रन बनाए । कुशल भुर्तेलले १६ रन जोडे । आशिफ शेखले नौ, कप्तान रोहित पौडेलले छ, सन्दीप जोराले पाँच तथा ज्ञानेन्द्र मल्लले चार रन बनाए । बलिङतर्फ स्कटल्याण्डका मार्क वाट र क्रिस सोलेले समान तीन-तीन विकेट लिए भने माइकल लिस्कले एक विकेट हात पारे ।

त्यसअघि टस हारेर पहिले व्याटिङको गरेको स्कटल्याण्डले निर्धारित ५० ओभरमा नौ विकेट गुमाउँदै दुई सय ७४ रनको योगफल बनाएको थियो । स्कटल्याडका लागि माइकल लिस्कले सर्वाधिक एक सय सात रनको योगदान दिएका थिए ।

उनले ८५ बल खेल्दै नौ छक्का र तीन चौकाको मद्दतमा अविजित एक सय सात रनको योगदान दिएका हुन् ।

त्यस्तै ज्याक जार्विसले २६ रनको योगदान दिए भने क्रिसटोफर म्याकब्राइडले २२ रन जोडे । यसैगरी मार्क वाटले २० रन जोड्दा कप्तान रिचार्ड बेरिङ्टन र टम म्याकिन्टसले समान १९-१९ रन जोडे । क्रिस ग्रेप्सले १६ रन बनाउँदा म्याथ्यु क्रसले दुई रन मात्र बनाए । बलिङतर्फ नेपालका सन्दीप लामिछानेले तीन विकेट झारे भने कुशल मल्लले दुई विकेट लिए । त्यस्तै सोमपाल कामी, दिपेन्द्रसिंह ऐरी र कुशल भुर्तेलले समान एक-एक विकेट लिएका थिए । नेपालले अब शनिबार नामिबियासँग खेल्नेछ ।रासस

# टर्कीमा भूकम्प गएको ११ दिनपछि एक किशोरसहित तीनजनाको जीवितै उद्धार

टर्की, ५ फागुन

टर्कीमा उद्धारकर्मीले भूकम्प गएको ११ दिनपछि तीन जनालाई उद्धार गरेका छन् ।

टर्कीका उद्धारकर्मीले भूकम्प गएको ११ दिनपछि १४ वर्षीय बालक र अन्य दुई जनालाई उद्धार गरेको टर्कीका एक मन्त्रीले शुक्रबार बताएका हुन ।

टर्कीको दक्षिणपूर्वी क्षेत्र र सिरियामा गएको ७.८ म्याग्निच्यूडको भूकम्पको २६० घण्टापछि १४ वर्षीय उस्मानलाई उद्धार गरिएको स्वास्थ्यमन्त्री फहरेटिन कोकाले ट्वीटरमा जानकारी गराएका छन् । उनले तेह्र बर्षीय उस्मानलाई उद्धारपछि स्ट्रेचरमा बोकिरहेको भिडियो पनि पोस्ट गरेका छन् ।

उहाँको हताय प्रान्तको अन्ताक्यास्थित अस्पतालमा उपचार भइरहेको छ। उद्धारकर्ताले भग्नावशेषमा आवाज सुनेपछि उस्मानलाई फेला पारेको सरकारी समाचार एजेन्सी अनादोलुले अधिकारीहरूलाई उद्धृत गरी उल्लेख गरेको छ ।

उद्धारकर्मीले बिहीबार नै अन्ताक्यामा २६ र ३३ वर्षका अन्य दुई जनालाई उद्धार गरेको कोकाले बताए ।

एघारौँ दिनमा उद्धार गरिएका २६ वर्षीय मेहमत अली साकिरोग्लु र ३३ वर्षीय मुस्तफा अव्सीलाई उस्मानलाई उद्धार गरिएकै स्थानको भवनको भग्नावशेषबाट उद्धार गरिएको डीएचए समाचार एजेन्सीले जनाएको छ ।

म ठीक छु, मलाई कुनै समस्या छैन, कोकाले सार्वजनिक गरेको भिडियोमा प्रियजनलाई कल गर्ने क्रममा अब्सीले भने ।

अव्सीले आफ्नो उद्धारपछि आफ्नी आमाको अवस्थाबारे सोध्नुभएको थियो । भिडियोमा उहाँले 'मेरी आमा र अरूलाई कस्तो छ?' भनी सोधेपछि कसैले 'तिनीहरू सबै ठीक छन्, तिनीहरू तपाईंको प्रतिक्षामा छन्' भनिएको देख्न सकिन्छ । प्रतिक्रियापछि अब्सीको अनुहारमा राहतको छोटो मुस्कान देखिएको छ ।

भूकम्पका कारण टर्की र सिरियामा ४१ हजारभन्दा बढी को मृत्यु भएको छ भने हजारौं घाइते भएका छन् भने लाखौं मानिस चिसो तापक्रममा आश्रयविहीन भएका छन् ।

भूकम्पको धक्का टर्कीका ११ प्रान्तमा महशुस गरिएको थियो । टर्कीका अधिकारीहरूले अदाना, किलिस र सानलियुर्फा प्रान्तमा उद्धार कार्य पूरा भएको बताएका छन् । (रासस/एएफपी)

# मन्दिरलाई विश्वसम्पदा सूचीमा सूचीकृत गराउने : उपराष्ट्रपति पुन



मधेशदृष्टि
रौतहट ५ फागुन ।
उपराष्ट्रपति नन्द बहादुर पुनले मौलापुर स्थित पुरातात्विक महादेव मंदिरलाई विश्वसम्पदा सुचीमा सुचीकृत गराउन सिफारिसका साथ पूर्ण प्रयास गर्ने बताएका छन् । उपराष्ट्रपति पुन शुक्रबार रौतहटको मौलापुर स्थित मधानी महोत्सव को उदघाटनपछि आयोजीत समारोहमा नेपालमा धार्मिक प्राकृतिक पर्यटन गन्तव्य को रूपमा विकास गर्नुपर्ने सुझाव दिएका छन् ।
त्यसको लागि संघ, प्रदेश, स्थानीय सरकार र पर्यटन व्यवसायी बीच हातेमालो जरुरी छ । मौलापुर पतौरा स्थित पुरातात्विक महादेव मन्दिर देशको १०० गन्तव्य मध्ये एक रहेको बताउँदै उपराष्ट्रपति पुनले विश्वसम्पदा सुचीमा स्वीकृत गराउन भूमिका खेल्ने बताए। धार्मिक पर्यटन विकासको निमित माउलापुर नगरपालिका को सराहना गर्दै महादेव मन्दिर लाई विश्वसम्पदा सुचीमा राख्न आफूले कुटनीतिक पहल र व्यक्तिगत प्रयास गर्ने प्रतिवद्धता जनाएका छन् । कार्यक्रम का प्रमुख अतिथि उनले देशको हरेक आन्दोलनमा मधेशको ठूलो भूमिका रहेको बताउँदै मौलापुरमा भएको भौतिक पूर्वाधार विकास को चर्चा गर्दै मेयर रिनाकुमारी साहको सराहना गरेका थिए ।
कार्यक्रममा आमजनता पार्टीका अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले धार्मीक पर्यटन विकास तथा लोप हुने अवस्थामा रहेको मधानी महायज्ञ लाई विश्व स्तरमा चिनाउन महोत्सवको आयोजना गरिएको बताए । माधानी महायज्ञ नेपालको तराई मधेशमा मात्र हुने उललेख गर्दै नेता साहले विश्वसम्पदा सूचिमा सूचिकत हुने कार्यमा विगतमा विभेद भएको आरोप लगाए।
कार्यक्रममा मधेश प्रदेश प्रमुख हरिशंकर मिश्र, सभामुख रामचन्द्र मण्डल,उद्योग, पर्यटन तथा बन मन्त्री सुनिता यादव लगायतका बक्ताहरुले माधानि महोत्सवको आयोनाले धार्मिक पर्यटनको विकास हुने बताएका थिए। उक्त अवसरमा स्थानीय तथा राष्ट्रीय स्तरका कलाकारहरुले झाकी लगायत गीत संगीत प्रस्तुत गरेका थिए।
औपचारिक रुपमा शुक्रवारदेखि सुरु भएको महोत्सवमा भगवान शिवको विशेष पुजा अनुष्ठान, मौलापुर भुमि पुजन, अस्टयाम, हूँ दैछा त्यसैरी भारतीय भोजपुर गायिका ईन्दु सोनालीले शुक्रवार गीत तथा नृत्य प्रस्तत गरेको थिइनँ। शनिवार नेपालका सिने जगतका नायक भुवन केसी, लगायत रास्ट्रीय स्तरका चर्चित कलाकारहरु , भारतिय चर्चित भोजपुरी नायक पवन सिंह, नायिका काजल राघवानी, एवं अन्य चर्चित कलाकार हरुको प्रस्तुति रहने मौलापुर नगरपालिकाले जनाएको छ।
सप्ताहदयापि हुने समारोहमा अन्तराट्रियस्तरको कुस्ती प्रतियोगिता,ब्यापारी , खेल तमासा व्यवसायीहरुबाट आयोजकले जनाएको छ । उदघाटन समारोहमा पूर्व सांसदा समिना हुसेन, सभासद देवेन्द्र पटेल आमजनता पार्टीका कुन्दन कुशवाहा, लगायतको उपस्थिति रहको थियो।
कार्यक्रमका प्रमुख अतिथि पुनले मौलापुर नगरपालिका द्वारा निर्मित विवाह भावन, धर्मशाला, पुरातात्विक संग्रहालयको उदघाटन गरेका थिए। सप्ताह व्यापी चल्ने महोत्सवमा १० लाख मानिसले अवलोकन गर्ने मौलपुर नगरपालिका ले विश्वास लिएको छ।




पानी परीक्षण घुम्ती सेवा (भ्यान) ले सप्तरी निर्वाचन क्षेत्र नं २ को लौनियामा पानी परीक्षण गर्दै । *तस्विर : मधेशदृष्टि*

# निजगढ विमानस्थल र बर्दीवास मेडिकल कलेज भूमाफियाहरुको 'डिजाईन' : प्रदेशसभा सदस्य सिंह

विनय कर्ण
सप्तरी, ०५ फागुन । मधेश प्रदेश स्थित बाराको निजगढमा अन्तराष्ट्रिय विमानस्थल बनाउने सरकारको सबै निर्णय बदर गर्दै १३ जेठ २०७९ मा सर्वोच्च अदालतले उपयुक्त विकल्प हेरेर वैकल्पिक विमानस्थल बनाउन सरकारको नाममा परमादेश जारी गऱ्यो ।
घना जंगल क्षेत्र मास्न नहुने भन्दै वरिष्ठ अधिवक्ता प्रकाशमणि शर्मा र अधिवक्ता रञ्जुहजुर पाँडे क्षेत्रीले सरकारी निर्णय बदरको माग गर्दै ७ फागुन २०७६ रिट निवेदन दायर गरेका थिए । तर, अहिले पनि संघीय सरकार निजगढमा विमानस्थल बनाउने बैकल्पिक बाटो खोजिरहेका छन्।
प्रदेशसभा सदस्य सतिशकुमार सिंहले भूमाफियाहरुको योजनामा मधेश प्रदेशमा निजगढ अन्तराष्ट्रिय विमानस्थल र बर्दीवास मेडिकल कलेज जस्ता संरचनाहरु सरकारले बनाउन लागेको बताएका छन् । मधेशदृष्टि संग विशेष कुराकानी गर्दै सप्तरी निर्वाचन क्षेत्र नम्बर २(१) बाट मधेश प्रधेशमा जनमतपार्टीबाट प्रतिनिधित्व गरेका उनले २५ लाख सालको रुख र अन्य साना लाखौं रुख कटान गरी वन विनाश गरेर अन्तराष्ट्रिय विमानस्थल बनाउने कार्य उचित नभएको बताए।
उनले त्यसरी नै सागरनाथ वन मासेर बर्दीबास मेडिकल कलेज बनाउनु पनि भूमाफियाहरुको डिजाईन भएको खुलासा गरे।



"लुम्विनी र पोखरामा बनेको विमानस्थललाई कुनै विजनेश नै छैनु, लगानी पनि उठ्ने अवस्था देखिदैन। निजगढ-काडमाण्डौं फास्टट्र्याक बनेपछि २ घण्टा भन्दा कम समयमा निजगढबाट काठमाण्डौ पुगिन्छ, सिमरामा विमानस्थल पनि छदैछ अनि निजगढमा विमानस्थल किन चाहियो ?" प्रश्न गर्दै उनले भने, "यो भूमाफियाहरुको डिजाईन हो । विमानस्थल र मेडिकल कलेजको नाममा वन विनाश गरेर सालको काठ हत्याउने अनि मधेश प्रदेशलाई मरुभूमीमा परिणत गरेर वरिपरिको जग्गा प्लोटिङ्ग गरी महँगो मूल्यमा बेच्ने ।"
प्रदेशसभा सदस्य सिंहले सागरनाथ वन जोगाएर मेडिकल कलेज बनाउन पनि सुझाव दिएका छन् । "बर्दीवासमा मेडिकल कलेज त बन्नै पर्छ तर, सागरनाथ वन जोगाएर मेडिकल कलेज बनाउनु पर्छ" उनले भने । मेडिकल कलेजका लागि जग्गा छनौट गलत प्रक्रियाबाट भएको पनि उनले तर्क राखे।
विदेशी ऋणमा बनेको लुम्विनी र पोखरा अन्तराष्ट्रिय विमानस्थलले विजनेश नै नपाएको अवस्थामा अझै विदेशी ऋणको बोझ बोकेर निजगढमा विमानस्थल बनाउनु औचित्यहिन काम भएको बताउँदै सिंहले भने, "यो वातावरणलाई मात्र समाप्त पार्दैन, यस्ता एयरपोर्टहरुबाट लगानी उठ्न नसके विदेशी ऋण काहाँबाट सरकारले तिर्ने ? अन्त्यमा श्रीलंकामा चिनले गरे जस्तै नै यी सबै एयरपोर्टहरुमा विदेशीहरुको कब्जामा जानेछन् ।"
भारतको मुम्वई जस्तो व्यस्त अन्तराष्ट्रिय विमानस्थल ७ सय ५० हेक्टर जग्गामा बनेको उल्लेख गर्दै निजगढमा ८ हजार २५ हेक्टरमा प्रस्ताव गरिएको विमानस्थल वनजंगल विनास गरी भूमाफियाहरुले यस प्रदेशलाई मरुभूमी बनाउने र प्लाटिङ्ग गरी चर्को मूल्यमा जग्गा बेच्ने योजना भएकोले आफू प्रदेशसभामा यी विषयहरु उठाएको सिंहले बताए।
"३० खर्वको ऋण लागतमा बनेका पोखरा विमानस्थल पनि औचित्यहिन छ, बरु निजगढमा विमानस्थल बनाउनमा लाग्ने लगानीमा कैयौं फेक्ट्री उद्योग लागिहाल्छ । हजारौं जना रोजगार गर्न पाउँछन् त्यसले फाईदा पनि दिन्छ र कसैलाई ऋण पनि तिर्नु पर्दैन्" सिंहले भने, "बरु विमानस्थलमा लाग्ने खर्बौ खर्बको लगानी सरकारले उद्योगमा लगाओस्"
मधेश प्रदेश सरकारले यी योजनाहरु रोक्न आवश्यक रहेको उनी भन्छन् । आफ् नो पार्टीले यी विषयहरुबारे स्पष्ट रुपमा प्रदेशसभामा आवाज उठाई रहने बताउँदै उनले मधेश प्रदेश सरकारले गंम्भिर भएर सोच्नुपर्ने बताए।
चुरे वन जंगल प्रदेश सरकारको मातहतमा रहेकोले प्रदेशमा बन्ने कुनैपनि संरचनाका लागि वातावरणीय दृष्टिकोणले पनि अध्ययन गरेर मात्र उपयुक्त स्थानमा निर्माण गर्नुपर्ने सिंहको तर्क छ।

# लागु औषधसहित एक पक्राउ

मधेशदृष्टि
वीरगंज, ५ फागुन
पर्सा प्रहरीले लागु औषधसहित १ जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा चितवनको भरतपुर महानगरपालिका वडा नम्बर १० बस्ने २० वर्षीय सुजन ठकुरी रहेका हुन् ।
वीरगञ्ज महानगरपालिका वडा नं.१६ स्थित भानु चोकबाट ठकुरीलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यलय पर्साले जनाएको छ । प्रहरीले संकास्पदरूपमा हिँडिरहेका ठुकुरीलाई चेकजाँच गर्दा उनको साथबाट डाईजेपाम, नुरफिन र फेनारगन १५/१५ एम्पुल गरी जम्मा ४५ एम्पुल, निट्राजिपाम ट्र्याब्लेट लेखिएको २८ पत्ता अर्थात २ सय ८० वटा ट्र्याब्लेट फेला परेको पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक दिपक गिरीले जानकारी दिए । उनले पक्राउ परेका अभियुक्तलाई जिल्ला प्रहरी कार्यालय पर्साको हिरासतमा राखी थप अनुसन्धान भईरहेको बताए।
यसैबिच प्रहरीले पर्साको ठोरी गाउँपालिकाबाट १६ लिटर घरेलु मदिरा बरामद गरेको छ। जिल्ला प्रहरी कार्यालय पर्सा मातहतका ईलाका प्रहरी कार्यालय ठोरीले शुक्रवार घरेलु मदिरा बरामद गरी नष्ट गरेको हो। नियमित चेकजाँचका क्रममा खटिएको प्रहरीको टोलीले ठोरी गाउँपालीका वडा नम्बर ३ ठुटे खोलाबाट रामनगर जाने सडक खण्डबाट सो घरेलु मदिरा बरामद गरेको जिल्ला प्रहरी कार्यलय पर्साका प्रहरी नायब उपरीषक दिपक गिरीले जानकारी दिए। १६ लिटर मदिरा लुकाई छिपाई नेपालबाट भारततर्फ लग्न थालेको अवस्थामा बरामद गरिएको प्रहरीले जनाएको छ। बरामद मदीरालाई स्थानिय बुद्दिजिबी, समाजसेवी तथा जनप्रतिनिधि लगाएतको रोहबरमा नष्ट गरिएको प्रहरी प्रवक्ता गिरीले बताए।

# मोबाईल मर्मत तालिम सम्पन्न

मधेशदृष्टि
वीरगंज, ५ फागुन
वीरगञ्जमा सीप विकास तथा रोजगारीको लागि मोबाइल मर्मत तालिम सम्पन्न भएको छ। वीरगंज स्थित उधोग बाणिज्य संघको सभाहलमा पारस सीप विकास केन्द्र वीरगंजको आयोजनामा गरिएको मोबाईल मर्मत तालिम शुक्रवार सम्पन्न भएको हो । कार्यक्रमलाई सम्बोधन गर्दै वीरगंज महानगरपालिकाका उप-प्रमुख इम्तियाज आलमले सिप सिकेपछि आत्मनिर्भर हुँन सजिलो हुँने बताउदै विदेश नै जानु परेपनि सिप सिकेकाले राम्रो रोजगारी पाउने बताएका छन् । उनले रोजी रोटीका लागि यस्ता व्यवहारिक सिपमुलक तालिम दिन आयश्यक रहेको बताए।
सीप सिक्ने र सिकाउने काम प्रत्यक्ष जीवनसंग जोडिएको हुनाले यस प्रकारका तालिम प्रदान गर्ने विषयमा वीरगंज महानगरको सधैं सकारात्मक भुमिका रहने उप-प्रमुख आलमले बताए। समापन समारोहमा उत्कृष्ट प्रशिक्षार्थीलाई पुरस्कार प्रदान गर्नुका साथै सम्पूर्ण सहभागीलाई प्रमाणपत्र वितरण गरिएको थियो । २० जना युवाहरुलाई ४५ दिने मोबाइल मर्मत तालिम प्रदान गरिएको थियो।

# किसानहरुका लागि नि:शुल्क मिटर वितरण

मधेशदृष्टि
वीरगंज, ५ फागुन
मधेस प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले किसानहरूका लागि नि:शुल्क मिटर वितरण र सिँचाइको व्यवस्थापनका लागि पहल सुरु गरेको छ।
मधेसको १ सय ३६ वटै पालिकामा कृषि विद्युतीकरण, कृषि मिटर नि:शुल्क वितरण र सिँचाइको व्यवस्थापनका लागि मन्त्रालयले पहल सुरु गरेको हो । भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री बसन्त कुशवाहाको पहलमा नेपाल विद्युतीकरणको प्रादेशिक कार्यालयसँग समन्वय गरिरहेको छ।
यसका लागि मधेस प्रदेशको हरेक जिल्लाका नेपाल विद्युत प्राधिकरणको कार्यालयसँग छलफल गरिने मन्त्री कुशवाहाले जानकारी दिएका छन् । नेपाल विद्युत प्राधिकरणको मापदण्ड अनुसार बिजुलीको महशुल पालिकाले तिर्नुपर्ने र पूर्वाधार निर्माणका लागि बजेट छुट्याइने मन्त्री कुश्वाहाको भनाइ छ। किसानलाई नि: शुल्क मिटर वितरण र सिँचाइको व्यवस्थापनका लागि भएको छलफलमा मन्त्री कुशवाहा, मन्त्रालयका सचिव डा. नम्रता सिंह र नेपाल विद्युत् प्राधिकरणको प्रादेशिक कार्यालयका प्रमुख मुनिन्द्र ठाकुर सहभागिता रहेको थियो।
मधेस प्रदेशमा सप्तरीको राजविराज, रुपनी, छिनमस्ता, बिष्णुपुर, बलान बिहुल, बोदेबरसाइन, खड्क, सुरुँगा र अग्निसाइर पालिकाले पहल थालेका छन्। त्यस्तै धनुषाका सबैला, क्षिरेश्वरनाथ, बटेश्वर, शहिदनगर, बिदेह, जनकनन्दनी, हंसपुर, कमला, धनौजी, मुखियापट्टी मुसरनिया, मिथिला बिहारी, नगराइन, औरही, लक्ष्मीनिया र जनकपुरधाम, महोत्तरीको औरही, गौशाला, सम्सी, भंगहा, एकडारा, पिपरा, मनारा सिसवा, मटिहानी, बलवा, महोतरी र रामगोपालपुर, सर्लाहीको ईश्वरपुर, बसवरिया, रौतहटको मौलापुर, देवाही गोनाही, कटहरिया, माधवनारायण, गढिमाई, दुर्गा भगवती र पर्साको वीरगन्जले समेत यसका लागि पहल सुरु गरेको छ।

# टायल्स र बाथरुम फिटिङको शोरुम संचालनमा

मधेशदृष्टि
वीरगंज, ५ फागुन
वीरगन्जमा घर निर्माणका सामग्री टायल्स र बाथरुम फिटिङको शो रुम सञ्चालनमा आएको छ । जीटीसी ओभरसिज प्रालिले मधेस प्रदेश मै पहिलो पटक प्रदर्शनी कक्ष सञ्चालनमा ल्याएको हो।
भारतीय टायल्स कम्पनी सोमानीको टायल्स र ज्याक्वर कम्पनीको बाथरुम फिटिङ्ग र लाईटहरुको प्रदर्शनी कक्ष शुक्रवार उदघाटन गरिएको छ । वीरगन्जको आदर्शनगर स्थित ठाकुरराम बहुमुखी क्याम्पसको पछाडि रहेको जीटीसी ओभरसिजको सोमानी ईन्डियाका भाइस प्रेसिडेन्ट सुजित महन्तो र ज्याक्वर कम्पनीको वाथरुम तथा लाईट सम्बन्धि सामाग्री राखिएको शो रुमको नेपाल कन्ट्री हेड नरेश मनोतले उद्धाटन गरेका थिए।
३० बर्षदेखि नेपाली बजारमा चलिरहेको विभिन्न आकार तथा प्रकारका सोमानी ब्राण्डका टायल्सहरु उपलब्ध हुने ओभसिजका सञ्चालक आशिष लाठले बताउनुभयो । त्यस्तै ज्याक्वर कम्पनीको बाथरुम फिटिङ्ग र लाईटहरु बिक्री वितरणका लागि राखिएको छ।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल